मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

नियामकले अनुमति दिनेबित्तिकै ‘फाइभ–जी’ सेवा सुरु गर्छौं: पहाडी

संवाद

पृष्ठ ७ मा



● वर्ष २ ● अंक ३३६ ● २०८१ साल कार्तिक १४ गते बुधवार ● Wednesday 30, October 2024 ● सूर्योदय: बिहान ६:१४ बजे ● सूर्यास्त: साँझ ५:२४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सडकमा विरोध, लुकेर भेटघाट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारी रकम हिनामिना र अपचलनको आरोपमा थुनामा छन् । उनलाई अन्याय गरिएको भन्दै पोखरा, देशका विभिन्न शहरसँगै काठमाडौँमा पार्टीले विरोध प्रदर्शन गरिरहेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध चर्का नाराबाजी गरेको छ ।
तर यही पार्टीका नेताहरुले भने सुटुक्क प्रधानमन्त्री र गृहमन्त्रीसँग भेटवार्ता गरेको विषय बाहिरिएको छ ।
संसदीय विशेष छानबिन समितिको प्रतिवेदन कार्यान्वयनका लागि अनुसन्धान गर्न सभापति लामिछानेलाई प्रहरीले कात्तिक २ गते काठमाडौबाट पक्राउ गरेर पोखरा लगेको हो । लामिछाने पोखरामा बयानमा सरिक छन् ।
लामिछानेलाई राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरी थुनामा राखेको भन्दै रास्वपाले कात्तिक ३ गतेदेखि नै विरोध प्रदर्शन जारी राखेको छ । मंगलबार बालुवाटारमै शक्ति प्रदर्शन गरेको थियो । विरोध प्रदर्शनक्रममा उनीहरुले प्रधानमन्त्री र सरकारलाई चर्को गाली गरेका छन् ।
तर भित्रभित्रै भने रास्वपाका उपसभापति डोलप्रसाद अर्याल (डिपी) र प्रमुख सचेतक सन्तोष परियारले सोमबार मात्रै प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखकलाई भेटेको विषय बाहिरिएको छ । गृहमन्त्री लेखकसँग अर्याल एक्लै सिंहदरबार पुगेर भेटेका थिए भने बालुवाटारमा प्रधानमन्त्रीसँग भेट गर्न अर्याल र परियार दुवै गएका थिए । प्रधानमन्त्रीको सचिवालयका सदस्यका अनुसार, भेट भएको हो, भेटबो विषयबारे केही बताइएको छैन ।
यस्तै, रास्वपा उपसभापति अर्यालले सोमबार गृहमन्त्री लेखकसँग भेटेको स्वीकारे ।
उनले गृहमन्त्रीसँगको भेटवार्ता मंगलबारको आन्दोलन र शान्तिसुरक्षाबारे केन्द्रित भएको जनाए । सडकमा चर्को आलोचना गर्ने र गोप्यरुपमा सरकारसँग भेटघाट गर्ने विषयले पनि रास्वपाका नेता कार्यकर्ताको आलोचना भएको छ ।

## दुई दशकपछि भारत मुस्लिम राष्ट्र !

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
हिन्दूहरूले आफूलाई एकतामा नराखे र जातपातका आधारमा विभाजित भइरहे दुईदशकपछि भारतलाई मुस्लिम राष्ट्र बन्नबाट कसैले रोक्न नसक्ने चेतावनी दिइएको छ ।
भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा भारत सरकारका केन्द्रीय मन्त्री गिरिराज सिंहले सोमबार साँझ भारतको बिहार प्रदेश भाजपा कार्यालयमा पत्रकारहरुसँग यस्तो बताएका हुन् ।
उनले स्वतन्त्रताक्षपछि हिन्दू जनसंख्या तीन गुणा र मुस्लिम जनसंख्या १३ गुणा बढेको बताए । नेपालसँग जोडिएका भारतको बिहार, उत्तर प्रदेश र बंगालका सीमावर्ती जिल्लामा बंगलादेशी र रोहिंग्या मुसलमानको घुसपैठ बढ्दै गएको भए पनि पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले भोटका लागि त्यसलाई संरक्षण दिइरहेको उनले आरोप लगाए । झारखण्डमा, लव जिहादमार्फत जनजाति केटीको धर्म परिवर्तन भइरहेको बताइएको छ । हेमन्त सोरेन भोटका लागि यसलाई रोक्न असफल भएको सिंहको दाबी छ । उनले हिन्दू स्वाभिमान यात्राक्रममा सीमाञ्चल जिल्लामा हिन्दूको पीडा देखेको बताए । हिन्दू नारीले सिउँदोमा सिन्दुर लगाउँदैनन् भने नवाह, अष्टयामका समयमा मन्दिरमा लाउडस्पिकर बजाउन नपाइने व्यवस्थाले हिन्दू कमजोर हुँदै गएको बताइएको छ । सिंहले कुनै पनि नेता जातका नाम नलिई सीमाञ्चल गएर जातको पीडा हेर्नुपर्ने बताए ।
उनले कानून कार्यान्वयन नभएसम्म बंगलादेशी र रोहिंग्या मुस्लिमको अवैध घुसपैठ जारी रहने बताए । उनले भने, ‘मेरा लागि मन्त्री पदभन्दा बढी हिन्दूको रक्षा मुख्य विषय हो ।’ पत्रकार सम्मेलनमा बिस्फी विधायक हरिभूषण ठाकुर ‘बचौल’लगायत भाजपाका विधायक र पदाधिकारी उपस्थित थिए ।

## रवि आरोपी, प्रधानमन्त्री पूर्वाग्रही: रामुपा



**मधेशदृष्टि**
**वीरगंज ।**
राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी (रामुपा) नेपालले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहकारी ठगी प्रकरणमा जोडिँदा सडकमा आन्दोलन हुनु र सरकारले यस्तो मुद्दालाई गम्भीरतापूर्वक नलिई पूर्वागह साँध्रु दुर्भाग्य भएको बताएको छ । मंगलबार पार्टीले विज्ञप्ति जारी गर्दै यो विषयलाई पार्टीले गम्भीररुपमा लिएको बताएको छ ।
अनुसन्धानका लागि लामिछाने हिरासतमा हुनु र रिहाइ माग गर्दै रास्वपाले लगातार प्रदर्शन गरिरहेको बताउँदै पार्टीले जोसुकै भए पनि अभियोग वा आरोप लागेकाले निष्पक्ष न्यायिक अनुसन्धान एवम् कारबाही हुनुपर्ने बताएको छ । पार्टीले न्यायालयले प्रमाण एवम् तथ्यका आधारमा फैसला गर्ने विश्वास लिएको बताइएको छ ।
यस्तै, ऐन कानूनको दुरुपयोग राज्य चलाउनेले गर्ने इतिहास रहेको बताउँदै आफ्नो वा आफ्नो पार्टीको विरोध गर्नेलाई र विपक्षीलाई तह लगाउन, आफ्नालाई संरक्षण गर्न, अनुचित लाभ प्राप्त गरी अपराधी उम्काउन कानून प्रयोग हुने गरेको पार्टीले जनाएको छ ।
मुलुकभरका ठूला सहकारी संस्थाले मात्रै सर्वसाधारण बचतकर्ताको खर्बौं रुपैयाँभन्दा बढी अपचलन गरेको तथ्य भेटिँदा लामो समयदेखि सत्तारुढ राजनीतिक दलको आवरणमा भएको सहकारी ठगीमा उनीहरुमाथि पनि राज्यले कारबाही गर्नु पर्ने पार्टीले जनाएको छ । ‘१० रोपनी १४ आना जग्गा प्रधानमन्त्री तथा सत्तारूढ दलले नै अनुचित ढंगले प्राप्त गरेको बारे अदालतले तत्काल कार्यान्वयन रोकेको छ, एम्नेष्टीले भ्रष्टाचार भनेको छ,’ पार्टीले भनेको छ, ‘यस्तो अवस्थामा राज्यले प्रधामन्त्रीमाथि छानबिन गर्छ कि गर्दैन ?’ पार्टीले गिरीबन्धु, वाइड बडी, ललिता निवास, क्यान्टोनमेन्ट, यती, सुनकाण्ड, भुटानी शरणार्थी काण्ड, प्रिन्टिङ प्रेस खरिद प्रकरण, ओम्नीजस्ता भ्रष्टाचारका काण्डमा छानबिनबारे सरकार मौन रहेकाले पार्टीले जवाफ मागेको छ ।
पछिल्लो तीन महिनामा सार्वजनिक ऋण ८८ अर्ब ९४ करोड रुपैयाँ पुगेको र नेपाली जनताको थाप्लोमा २५ खर्ब २३ अर्ब तीन करोड रुपैयाँ ऋण थपिएमा पार्टीले चिन्ता गरेको छ ।

# पर्वका बेला उद्योग बन्द मजदुर भोकै

- विद्युत आपूर्ति नहुँदासम्म आधा पारिश्रमिक दिएर मजदुर राख्ने तयारी भइरहेको छ र यो अवस्था लामो समय कायम रहे श्रम सम्बन्धमा समस्या आउनसक्छ ।
  **– आनन्द थामी**
  अध्यक्ष, समग्र उद्योग ट्रेड युनियन
- प्लास्टिक र भट्टीमा आधारित उद्योग लगभग बन्द हुने सम्भावना देखिन्छ । मजदुर र व्यवस्थापनबीच द्वन्द्व बढ्ने अवस्था नआओस् भन्नेमा छौं ।
  **– प्रदीप केडिया**
  पूर्वअध्यक्ष, वीरगंज उद्योग वाणिज्य संघ
- उद्योगमा आन्तरिक विद्युत् आपूर्तिको गुणस्तर कमजोर हुँदा उत्पादनमा ह्रास आइरहेकै छ, यस्तै अवस्था अरु रहे बेरोजगारी समस्या थप चर्किन सक्छ ।
  **– हरि गौतम**
  वरिष्ठ उपाध्यक्ष, वीरगंज उद्योग वाणिज्य संघ
- लाइन काटिएकामध्ये देशभरका १२ उद्योगले किस्ताबन्दीमा बक्यौता तिरेर उद्योग सञ्चालन गरे पनि वीरगंज–पथलैया करिडोरका उद्योगले बक्यौता तिरेनन् ।
  **– चन्दन कुमार घोष**
  प्रवक्ता, नेपाल विद्युत प्राधिकरण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालकै प्रमुख औद्योगिक करिडोर हो वीरगंज–सिमरा–पथलैया आर्थिक क्षेत्र (सेज) । तर यहाँ सञ्चालित उद्योगहरु ठप्प हुँदा चाडपर्वका बेला मजदुर बेरोजगार भएका छन् । उद्योगी पनि मार खेपिरहेका छन् ।
डेडिकेटेड र ट्रंकलाइन विवाद सेजका उद्योगहरु पनि मारमा परेका हुन् । उद्योगहरुले विद्युत् महशुल नतिर्दा नेपाल विद्युत प्राधिकरणले विद्युत आपूर्ति बन्द गरेपछि उद्योग प्रभावित मात्र भएनन्, चाडपर्वका बेला मजदुर पनि बेरोजगार भए । ‘औद्योगिक करिडोरमा सञ्चालित बहुराष्ट्रिय कम्पनी र स्वदेशी लगानीका उद्योगसँगै यसमा कार्यरत मजदुर पनि संकटमा परे,’ समग्र उद्योग ट्रेड युनियनका अध्यक्ष आनन्द थामीले भने, ‘विद्युत आपूर्ति पुनः सुचारु नभएसम्म आधा पारिश्रमिक दिएर मजदुरलाई काममा राख्ने तयारी भए पनि यो अवस्था लामो समय कायम रहे श्रम सम्बन्धमा समस्या आउनसक्ने देखिन्छ ।’
पथलैया–वीरगंज करिडोरका केही छड र सिमेन्ट उद्योग आंशिक सञ्चालनमा मात्र रहँदा हजारौँ श्रमिकले रोजगारी गुमाएका थिए । उसो त बेरोजगारी समस्याले सेज क्षेत्र थप समस्यामा पर्न सक्ने देखिएको छ ।
वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतम उद्योगमा आन्तरिक विद्युत् आपूर्तिको गुणस्तर कमजोर हुँदा उत्पादनमा ह्रास आइरहेको बताउँछन् । उनले भने, ‘विद्युत आपूर्ति बन्द हुँदा बेरोजगारी समस्या अझ चर्किन सक्छ ।’ संघका पूर्वअध्यक्ष प्रदीप केडिया प्लास्टिक र भट्टीमा आधारित उद्योग बन्द हुने सम्भावना रहेको बताउँछन् । उनी मजदुर र व्यवस्थापनबीच अरु द्वन्द्व बढ्न सक्ने प्रतिक्रिया दिन्छन् ।
नेपाल विद्युत प्राधिकरणका प्रवक्ता चन्दन कुमार घोषले देशभरका १२ उद्योगले किस्ताबन्दीमा बक्यौता रकम तिरेर विद्युत सुचारु गरिसके पनि वीरगंज–पथलैया करिडोरका उद्योगले बक्यौता नतिरेको बताए ।

**कहाँ कति छन् मजदुर ?**
**१. हुलास स्टील इण्डष्ट्रिजः १,१०० जना**
**२. जगदम्बा स्टील इण्डष्ट्रिजः १,६२५ जना**
**३. हामा आइरन एण्ड स्टिलः २५५ जना**
**४. अशोक स्टिल इण्डष्ट्रिजः ३२५**

## औद्योगिक प्रतिष्ठान अन्धकार नराख्न आग्रह

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघले तिहारका बेला देशका औद्योगिक प्रतिष्ठानहरु अन्धकार बनाइएको भन्दै विरोध जनाएको छ । मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै संघका अध्यक्ष मोहन शर्मा लामिछानेले विद्युत् प्राधिकारणको कदम सच्याउन आग्रह गरे ।
डेडिकेटेड र ट्रंक लाइन विवाद नयाँ नभएको र वार्ता तथा सहमतिबाट समाधानका लागि उद्योगीले गरेको आग्रहलाई सरकारले पटकपटक बेवास्ता गरिरहेको संघले जनाएको छ । ‘सरकार र नेपाल विद्युत प्राधिकरणले चालेको पछिल्लो कदमका कारण जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका चार ठूला उद्योग मारमा परेका छन् । उद्योगले देशको रोजगारी तथा कुल ग्राहस्थ उत्पादनमा पु¥याएको योगदानको समेत कदर नगरी एकपक्षीय ढंगबाट विद्युत प्राधिकरणले चालेको कदम निन्दनीय छ,’ संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।
देशमा गरी खान पाउने वातावरण निर्माणका लागि हौसला बढाउनुको सट्टा केही न केही बखेडा झिकेर पटकपटक उद्योगी व्यवसायीमाथि भइरहेको आक्रमणले उद्योगीलाई त्रसित पारिरहेकाले उद्योग व्यवसायमा गरिएको लगानी सुरक्षाको ग्यारेन्टी गर्नपर्नेमा सरकार र सरकारका विभिन्न निकायले पटकपटक उद्योगी व्यवसायीमाथि गरिरहेको आक्रमणले लगानी पलायनको खतरा समेत बढ्दै गएको विज्ञप्तिमा उल्लेख छ ।



नेपालका लागि आधिकारिक बिक्रेता : देवकी ट्रेडर्स
मो. 9855021614

हमरासभक बात : राष्ट्रिय समाचार समिति मैथिली भाषामें समाचार सुरु केने अछि । हमरासभक पाठकसभ, मैथिली समूदायके सेहो छनि । जाँहिकरण हमसभ हमरासभक पाठकसभसँग आत्मीयताक लेल मैथिली समाचार सुरु केने छि । अपनैंसभक सल्लाह, सुझाव आ प्रतिक्रियाक अपेक्षा करैत छिं । - सम्पादक

# राष्ट्रिय सुरक्षा परिषद् बैठकः
# मध्यपूर्व द्वन्द्वक समीक्षा



**काठमाडौ ।**
प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्क अध्यक्ष केपी शर्मा ओलीक अध्यक्षतामे बैसल बैसारमे वर्तमान अन्तर्राष्ट्रिय, क्षेत्रीय आ राष्ट्रिय सुरक्षा वातावरणक समीक्षा भेल अइछ ।

परिषदक ३५म् बैसारमे मध्यपूर्वमे बढ़ैत संघर्षक राष्ट्रिय सुरक्षापर पड़एबला प्रभाव, ओत रहनिहार नेपालीसभक चुनौती आ सुरक्षा आ भावी रणनीति केहन अपनाएल जाए ताहिपर विचार–विमर्श भेल ।

परिषदक सदस्य–सचिव रामेश्वर दंगाल कहलैन जे बैसारमे अन्तर्राष्ट्रीय स्तरपर हालक घटनाक्रम, विशेष रूपसँ राष्ट्रीय सुरक्षामे उत्पन्न भ सकएबला कानूनी चुनौतिसभ पर चर्चा कएल गेल ।

बैसारमे सैनिक ऐनक व्यवस्थाबमोजिम नेपाली सेनाक लेल आव २०८१–८२ मे खरिद होएबला हातहतियार, खरखजाना तथा अन्य सैन्य सरसामग्री खरिद करबाक लेल नीतिगत स्वीकृति नेपाल सरकार मन्त्रिपरिषद्समक्ष सिफारिस करबाक निर्णय कएल गेल । परिषद्क बैसार सञ्चालन कार्यविधि २०८१ स्वीकृत केने अइछ । बैठकमे गृह आ रक्षामन्त्री तथा मुख्य सचिव, प्रधानसेनापति एवम् रक्षा सचिव सहभागी भेल रहैथ ।

# टिकापुरमे ३८ सालबाद विमान उड़ल

**बाँके ।**
कैलालीक टिकापुरमे काइल विमानक परीक्षण उड़ान कएल गेल अइछ । टिकापुर नगरपालिका वार्ड नम्बर १ स्थित बसपार्क लगमे रहल टीकापुर विमानस्थलमे ३८ सालबाद विमानक परीक्षण उड़ान कएल गेल अइछ । टीकापुर विमानस्थलमे नेपाल वायुसेवा निगमके तथा तारा एयरके विमानक परीक्षण उड़ान कएल गेल अइछ ।



संस्कृति पर्यटन तथा नागरिक उडड्यन राज्यमन्त्री अरुणकुमार चौधरी दीपावली लगले नियमित विमान सञ्चालन हेबाक बतौलैन । हुनकर अनुसार तहिना सुदूरपश्चिम प्रदेशक पहाड़ी जिलासभमे आब नियमित विमान सञ्चालन कएल जाएत । स्वर्गीय गृहमन्त्री खड्गबहादुर सिंह विसं २०४१ मे विमानस्थलक संचालन केने छलाह । ई विमानस्थल २०५२ के बाद संघर्ष काल शुरू भेलाक बाद स्थगित क देल गेल छल । ई बिमान्स्थल लगभग १८ बीघा जमीनपर बनल छै ।

परीक्षणक लेल टीकापुर विमानस्थलमे नेपाल एयरलायेन्सक विमानकेँ ल क क्याप्टेन मनिष विष्ट, उज्जवल सिलवालसहित म्यानेजर ज्ञानेन्द्र भूल इन्जिनियर सम्राट प्रधान, सुरेन्द्र प्रसाद यादव, युवराज रिजाल, एयरहोस्टेज डिम्पल भट्टराई एटिसी राजु महतोसहित १२ गोटेक टोली आएल छल ।

# कातिक १८ गते रैबदिन ११:३७ बजे भरदुतियाक शुभ साइत

**काठमाडौं ।**
नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति अइ सालक भरदुतियाके साइत सार्वजनिक केलक अइछ । इएह कातिक १८ गते रैबदिन भोर ११:३७ बजे भरदुतियाक साइत शुभ भेल समितिके बैठक निर्णय केलक अइछ। पश्चिम मुहे टीका लगेबाकलेल सेहो समिति जानकारी देलक ।

अइ सालक दीपावली (तिहार) कातिक १३ गते मङ्गलदिनसँ सुरु भ रहल अइछ । मङ्गलदिन धनत्रयोदशी (धनतेरस) पावैन अइछ। यमदीपदान कहल कातिक १४ गतेसँ बुधदिन छी । कागतिहार सेहो बुधदिन हेबाक समिति बतौलक । आयुर्वेदक प्रवर्तक धन्वन्तरीजयन्ती सेहो बुधदिन मनाएल जाएत।

कुकुर तिहार, नरक चतुर्दशी, दीपमालिका आ लक्ष्मीपूजा कातिक १५ गते वृहस्पतिदिन हएत । कातिक १६ गते शुक्रदिन अन्हरिया पड़ल अइछ । तइ दिन कोनो पावैन नै रहल समितिद्वारा जारी विज्ञप्तिमे उल्लेख अइछ ।

कातिक १७ गते शनिदिन गाए पूजा, गोवर्द्धन पूजा, बलि पूजा, हलीतिहार, म्हपूजा आ नेपाल संवत् ११४५ सेहो सुरू हएत । अहिना कातिक २२ गते वृहस्पतिदिन छैठ पावैन पड़ल अइछ।

# सोनाक दाममे निरन्तर वृद्धि

**काठमाडौ ।**
अन्तरराष्ट्रिय बजारमे सोनाक दाममे निरन्तर वृद्धि भ रहल अइछ । स्थानीय बजारमे सेहो तकर प्रभाव पइड़ रहल नेपाल सुनचाँदी व्यवसायी महासङ्घ बतौलक अइछ । महासङ्घक अनुसार आइ प्रतितोला सोना एक लाख ६८ हजार पाँच सओ टकामे कारोबार भ रहल अइछ । सोमदिनक तुलनामे आइ प्रति तोला एक हजार पाँच सओ टकासँ बढ़ल अइछ । तहिना, चाँनीक दाम प्रतितोला ४० टकासँ बइढ़ क दू हजार पाँच टका कायम भेल अइछ। सोमदिन एक तोला चाँदी रु दू हजार ६५ टकामे खरिदबिक्री भेल छल । अन्तरराष्ट्रिय बजारमे प्रतिऔँस सोना दू हजार सात सओ ५३ अमेरिकी डलरमे कारोबार भ रहल छै ।

# बिना अनुमतिपत्र पर्यटक घुमाबैबला पथप्रदर्शक कारबाहीमे

**काठमाडौ ।**
टुरिष्ट गाईड एशोसिएसन अफ नेपाल (टुर्गान) बिना अनुमतिपत्र पर्यटक घुमा रहल पथप्रदर्शककेँ कारबाही केलक अइछ । टुर्गान सोमदिन पर्यटक प्रहरीके सहकार्यमे काठमाण्डूक वसन्तपुरमे जाँचक क्रममे बिना अनुमति पर्यटक घुमेनिहार पथप्रदर्शककेँ कारबाही केलक ।

टुर्गानक अध्यक्ष थानेश्वर देवकोटा कहलैन जे पर्यटक गाइडक अनुज्ञापत्र नै लेनिहार आ अनुमति लेलाक बादो नवीकरण नै केनिहार गाइडक विरुद्ध कारवाही कएल गेल अइछ। ओ कहलैन जे एकटा व्यक्तिकेँ गिरफ्तार क प्रहरीकेँ सौंपि देल गेल अइछ।

टुर्गान पर्यटक पुलिसक सहयोगसँ काठमाडौ उपत्यकाक पशुपतिनाथ, स्वयम्भू, पाटन, भक्तपुर आ बसन्तपुर दरबार क्षेत्रमे अलग–अलग समय पर फेक गाइडक जाँच करैत आइब रहल अइछ।

हाल देशभर चाइर हजार नौँ सओ ९० व्यक्ति पर्यटक पथप्रदर्शकके अनुमतिपत्र लेने अइछ । नेपाल भ्रमणक लेल आएल विदेशी पर्यटककेँ नेपालक सकारात्मक सन्देश देबाक काज सेहो पथप्रदर्शकके रहलासँ अनुशासित आ मर्यादित भ व्यापार व्यवसाय करबाक लेल टुर्गान अनुरोध केलक अइछ ।

# मैथिली, नेपाल आ अवधि भाषामे निःशुल्क समाचार

**काठमाडौ ।**
राष्ट्रिय समाचार समिति (रासस)द्वारा मैथिली, नेपाल भाषा आ अवधिके समाचार सेवाके निःशुल्क बनाएल गेल अइछ ।

राससके कार्यकारी अध्यक्ष धर्मेन्द्र झाक अध्यक्षतामे कातिक ३ हते बैसल सञ्चालक समितिक बैसारसँ राससक सेवाग्राही नै रहल सन्चारमाध्यम्के सेहो ई सेवा निशुल्क उपलब्ध करेवाक निर्णय भेल अइछ ।

राष्ट्रिय समाचार समितिमे दर्ता होबबला मैथिली, नेपाल आ अवधि भाषाक प्रकाशन तथा प्रसारणगृह (छापा, डिजिटल पत्रपत्रिका तथा श्रव्य एवम् श्रव्यदृश्य) सभकेँ निःशुल्क समाचार सेवा उपलब्ध उपलब्ध करेबाक निर्णय भेल रासस व्यवस्थापन जनौलक अइछ।

पहिल चरणमे मातृभाषाक संरक्षणक उद्देश्यसँ तीन भाषामे समाचार निर्माण आ वितरण कएल गेल अइछ।

निःशुल्क समाचार वितरणसँ प्रायः बन्द भेल आ होबबला सञ्चारसंस्थासभकेँ अइसँ लाभ हेबाक आश कएल गेल अइछ। ई सेवाक बाद बन्द भेल, मातृभाषाक सञ्चारगृह फेर सुरू भ सकबाक अपेक्षा अइछ ।

समस्यामे रहल सम्बद्ध सञ्चार संस्था सम्बन्धित भाषामे उत्पादित समाचार प्रकाशन तथा प्रसारणक माध्यमसँ मातृभाषाक संरक्षणमे योगदान पहुँचबाक दृढ विश्वास रहल बात समितिक अध्यक्ष झा बतौलैन ।

मैथिली आ अवधि भारोपेली परिवारक भाषा छी । विश्वमे पाँच करोड़सँ बेसी मैथिलीभाषी वक्ता रहल मानल जाइत अइछ।

नेपालक कोशी तथा मधेश प्रदेशमे मैथिली व्यापक रूपसँ बाजल जाइत अइछ । मैथिली जनसंख्याक आधारपर नेपालक दोसर नम्हर भाषा छी।

अवधी लुम्बिनी प्रदेशक बाँके, बर्दिया, दाङ, कपिलवस्तु तथा सुदूरपश्चिम प्रदेशक कैलाली आ कञ्चनपुर जिलामे बाजल जाइ छै ।

नेपाल भाषा देशक प्राचीन तथा समृद्ध भाषा छी । ई काठमाण्डू उपत्यक तथा लगपासक क्षेत्र सिन्धुपाल्चोक, मकवानपुर, रामेछाप, काभ्रेपलाञ्चोक, म्याग्दी, तनहुँ, कास्की, सुनसरी, धनकुटालगायत जिलामे बाजल जाइत अइछ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कूल जनसंख्याक ११ दशमलव शून्य पाँच प्रतिशत अर्थात् ३२ लाख २२ हजार तीन सओ ८९ गोटे मैथिलि बजैत छैथ ।

तहिना अवधि एवम् नेपाल भाषा २.९६ प्रतिशत अर्थात् अवधी आठ लाख ६४ हजार दू सओ ७६ आ नेपाल भाषा आठ लाख ६३ हजार तीन सओ ८० गोटे वक्ता बजैत छैथ ।

निःशुल्क समाचार सेवाक लेल भद्रकालीस्थित राससके केन्द्रीय कार्यालय, सेवाग्राही शाखाक टेलिफोन नं ०१–५३६२५२१ मे सम्पर्क करबाक लेल सम्बन्धित सबकेँ समिति अनुरोध केलक अइछ ।

# बिना अनुमतिपत्र पर्यटक घुमाबैबला पथप्रदर्शक कारबाहीमे

**काठमाडौ ।**
टुरिष्ट गाईड एशोसिएसन अफ नेपाल (टुर्गान) बिना अनुमतिपत्र पर्यटक घुमा रहल पथप्रदर्शककेँ कारबाही केलक अइछ । टुर्गान सोमदिन पर्यटक प्रहरीके सहकार्यमे काठमाण्डूक वसन्तपुरमे जाँचक क्रममे बिना अनुमति पर्यटक घुमेनिहार पथप्रदर्शककेँ कारबाही केलक ।

टुर्गानक अध्यक्ष थानेश्वर देवकोटा कहलैन जे पर्यटक गाइडक अनुज्ञापत्र नै लेनिहार आ अनुमति लेलाक बादो नवीकरण नै केनिहार गाइडक विरुद्ध कारवाही कएल गेल अइछ। ओ कहलैन जे एकटा व्यक्तिकेँ गिरफ्तार क प्रहरीकेँ सौंपि देल गेल अइछ।

टुर्गान पर्यटक पुलिसक सहयोगसँ काठमाडौ उपत्यकाक पशुपतिनाथ, स्वयम्भू, पाटन, भक्तपुर आ बसन्तपुर दरबार क्षेत्रमे अलग–अलग समय पर फेक गाइडक जाँच करैत आइब रहल अइछ।

हाल देशभर चाइर हजार नौँ सओ ९० व्यक्ति पर्यटक पथप्रदर्शकके अनुमतिपत्र लेने अइछ । नेपाल भ्रमणक लेल आएल विदेशी पर्यटककेँ नेपालक सकारात्मक सन्देश देबाक काज सेहो पथप्रदर्शकके रहलासँ अनुशासित आ मर्यादित भ व्यापार व्यवसाय करबाक लेल टुर्गान अनुरोध केलक अइछ ।

# डर्टी पेनिकल'रोगसँ धानमे क्षति



**झापा**
धानक फसलमे 'डर्टी पैनिकल' नामक बिमारीसँ जिलाक दू सओ बिघा जमीनपर रोपल धानक बाइलमे क्षति पहुँचल अइछ। झापाक पाँच स्थानीय तहमे दू सओ बिघा धानक खेती क्षतिग्रस्त भेल जानकारी कृषि ज्ञान केन्द्रक प्रमुख सागर विष्ट देलैन।

ओ कहलैन जे धानमे देखल जाएवला अइ बीमारीसँ उत्पादनमे ८० प्रतिशतक कमी आओत। 'जखन शीस बाहर अबैत छै, धान कारी भ जाइ छै, सूइख क गन्दा भ जाइ छै, ओ कहलैन,' 'जँ हमरासभकेँ सुरूमे थाह लागल तँ दबाइ छिड़ैक देल जाएत, नै तँ किछु नै कएल जा सकै छै ।' ओ कहलैन जे धान रोपबाक समय जँ बीयाक उपचार कएल जाए तँ फसलकेँ 'डर्टी पेनिकल' सँ बचाएल जा सकैत अइछ ।

भद्रपुर, हल्दिबारी, बाह्रदशी, गौरादह आ अर्जुनधाराके किछ स्थानमे 'डर्टी पेनिकल' रोग देखाए लागल अइछ । जिलामे लगाएल अगुवा धानमे धानके दाना आधा लागब, खखरी हेब समस्या रहल प्रमुख विष्ट बतौलैन ।

# दू आयोगक पदाधिकारी सिफारिससम्बन्धी चयन प्रक्रियामे सुझाव माग

काठमाडौं ।
सरकार बेपत्ता भेल व्यक्तिके छानबिनसम्बन्धी आयोग आ सत्यनिरुपण तथा मेलमिलाप आयोगक अध्यक्ष आ सदस्यक नाम सिफारिससम्बन्धी छनोट प्रक्रियाके मस्यौदाउपर रायसुझाव आ प्रतिक्रिया देवक मांग केलक अइछ ।

छानबिन आयोग आ मेलमिलाप आयोगक अध्यक्ष आ सदस्यके नियुक्तिक तथा सिफारिस करबाक लेल गठित समिति इएह कातिक ११ गते निर्णय करैत उक्त दूनु आयोगके अध्यक्ष आ सदस्यके नाम सिफारिससम्बन्धी छनोट प्रक्रिया, २०८१ के मस्यौदामे ४८ घण्टाभित्र रायसुझाव तथा प्रतिक्रिया देबाक लेल मांग कएल गेल अइछ ।

बेपत्ता कएल व्यक्तिके छानबिन आयोग आ सत्यनिरुपण तथा मेलमिलाप आयोगके वेबसाइटमे उक्त निर्णय कातिक १२ गते प्रकाशन कएल गेल छै । सङे उक्त मस्यौदा मन्त्रालयके सूचना बोर्डमेसमेत प्रकाशन कएल गेल कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय जनौलक अइछ ।

मस्यौदाउपर इएह कातिक १४ गतेभितर समितिके सचिवालय (कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय) वा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयके इमेल वा सत्यनिरुपण तथा मेलमिलाप आयोगके इमेल वा बेपत्ता छानबिन आयोगके इमेलमार्फत राय, प्रतिक्रिया उपलब्ध करेबाक आग्रह कएल गेल अइछ । कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयक शाखा अधिकृत रामकृष्ण पाठकद्वारा जारी विज्ञप्तीमे उक्त बात उल्लेख अइछ ।

# चाडपर्वले चलायमान अर्थतन्त्र



**मधेशदृष्टि**
**धनुषा ।**
जनकपुरधामका अर्थशास्त्र विषयमा लामो समयदेखि प्राध्यापन गर्दै आएका उज्ज्वल दाहाल वर्षभरि हुने घरायसी खर्चको एकतिहाइ दशैँमा खर्च हुने गरेको बताउँछन् । उद्योगी–व्यवसायीले दशैँ, तिहार र छठ पर्वसँगै वस्तु र सेवाको व्यापारका लागि नयाँनयाँ छुटका कार्यक्रमहरुसहित ग्राहकलाई लोभ्याउने गर्दा पनि खर्च गर्ने क्रम अन्य समयको तुलनामा बढी नै हुने गरेको उनको भनाइ छ ।
साउने सङ्क्रान्तिपछि विस्तारै चाडपर्व सुरु हुन थालेसँगै बजार चलायमान हुने गर्छ । मधेश प्रदेशको राजधानी जनकपुधाम लगायत देशका मुख्य सहरका पार्टी प्यालेसले पनि यस अवधिमा राम्रै आम्दानी गर्ने गर्छन् । यतिबेला किराना सामानदेखि लत्ताकपडा, गरगहना, सवारीसाधन, माछामासु, मदिरा, हल्का पेयपदार्थ, मोबाइल, टेलिभिजन, कपडा धुने मेसिन, फ्रिजलगायत विद्युतीय उपकरणका पसलहरुमा किनमेल गर्नेहरुको भीड अत्यधिक देखिएको छ । वस्तुका अतिरिक्त सेवा क्षेत्रमा सार्वजनिक सवारीसाधन, होटल रेस्टुरेन्ट, एयरलाइन्सको व्यापारमा पनि बढोत्तरी देखिएको छ । दशैँ, दीपावली र छठ पर्वको व्यापारले वर्षभरिको व्यापारको चक्रलाई ठूलो भरणपोषण गर्ने जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी बताउँछन् । फर्निचर, इलेक्ट्रोनिक्स, ग्याजेटलगायतका खरिदकर्तालाई दसैँ, तिहारको बेला दिने छुट नै पर्खेर बस्ने बानी लागिसकेको उनको भनाइ छ । अहिले इन्टरनेट सेवाप्रदायक, ट्राभल एजेन्सी, सञ्चार सेवाप्रदायक तथा होटल रेस्टुरेन्टले दशैँदेखि छठसम्म छुट र उपहारका विविधि योजना ल्याएर ग्राहकलाई आकर्षित गर्न खोजिरहेको हुँदा हरेक बजार मात्र होइन, सपिङ कम्प्लेक्सदेखि अनलाइन सपिङमा किनमेलको चाप बढ्दो छ ।
अर्थविद्हरुका अनुसार दशैँ, तिहारअघिका दुई–तीन हप्ताको अवधिमा वर्षभरिको कुल राष्ट्रिय उपभोगको २० प्रतिशत जति उपभोग हुने देखिन्छ । दशैँ तिहारलाई लक्षित गरी नयाँ सवारीसाधन खरिदमा छुट, सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने घोषणा यही बेला हुनाले पनि अर्थतन्त्र चलायमान हुने गरेको अर्थशास्त्रका प्राध्यापक प्रभात घिमिरे बताउँछन् । 'कतिपयमा यही समयमै खरिद गर्नुपर्छ भन्ने मानसिकता विकसित भएको देखिन्छ', उनी भन्छन् ।
रोजगारी वा अध्ययनका लागि नेपालबाहिर रहेका व्यक्तिहरु पनि दशैँ, तिहार र छठ पर्व मनाउन आ–आफ्नो गाउँघर आउने गर्दछन् । सर्वसाधारणले पनि ठूला चाडपर्वका लागि रकमको जोहो गर्ने र यही समयमा बढी खर्च गर्ने गरेको पाइन्छ । सरकारले दशैँको अवसर पारेर आफ्ना कर्मचारीलाई एक महिनाको तलब दिने गर्दछ भने अन्य सङ्घसंस्था, बैङ्क तथा वित्तीय संस्था र व्यापारिक प्रतिष्ठानहरुले पनि कर्मचारी, कामदारलाई केही खर्च दिने हुँदा बजारमा पैसा लेनदेन हुने भएकाले अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ ।
दशैँ, तिहार र छठ पर्वसम्म बजारमा करिब पाँच अर्ब रुपैयाँको कारोबार हुने डा लाभ बताउँछन् । मुलुकमा निजामती, शिक्षक, सेना, प्रहरीलगायत करिब पाँच लाख सरकारी कर्मचारी छन् । प्रतिकर्मचारीको मासिक तलब सरदर ३५ हजारका दरले हिसाब गर्दा एकमुष्ट १७ अर्ब ५० करोड रुपैयाँ हुन्छ । एक महिनाको तलब बराबर दशैँ खर्च पाइन्छ । त्यसैगरी, करिब सवा नौ लाख उद्योग, प्रतिष्ठान, कलकारखाना, साना तथा मझौला व्यवसायमा कार्यरत ३२ लाख कर्मचारी छन् । ती कर्मचारीले सरदर मासिक तलब १५ हजार रुपैयाँका दरले हिसाब गर्दा एकमुष्ट ४८ अर्ब रुपैयाँ हुन्छ । उनीहरूले तलबका अतिरिक्त दशैँ भत्ता मात्रै करिब ६६ अर्ब रुपैयाँ पाउँछन् ।
यसबाहेक व्यापार–व्यवसाय, खेतीपाती गर्नेले पनि दशैँमा राम्रै खर्च गर्छन् । वैदेशिक रोजगारीमा गएकाले दशैँ, तिहार र छठ पर्व मनाउन घरमा पैसा पठाउने गर्छन् । विदेश बस्ने नेपालीले यही समयमा बढी विप्रेषण पठाउने गरेका छन् । अन्य महिनाको तुलनामा दशैँमा करिब २५ देखि ३० प्रतिशत बढी रकम विप्रेषण आउने गरेको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कले देखाउँछ ।
राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार गत साउन र भदौमा विप्रेषणमार्फत दुई खर्ब ६३ अर्ब १४ करोड रुपैयाँ मुलुक भित्रिएको छ । गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष विप्रेषण आप्रवाह १५.२ प्रतिशतले बढेको हो । औसतमा दशैँताका मात्र करिब १०–१५ अर्ब रुपैयाँ विप्रेषण नेपाल भित्रिन्छ । यसमा भारतमा काम गर्न गएका नेपालीले दशैँमा घर फर्किंदा लिएर आउने रकम भने जोडिएको छैन । भारतमा हजारौँको संख्यामा नेपाली कार्यरत रहेकाले पनि यसको हिस्सा नेपालको अर्थतन्त्रमा फराकिलो हुने गर्दछ ।
दशैँले बजारमा चहलपहल बढाएको नेपाल चेम्बर अफ कमर्स मधेश प्रदेशका अध्यक्ष पवन ठाकुरले बताए । उनले भने, 'शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन चाडपर्वले टेवा पुगेको छ । दशैँमा आम्दानी र खर्च दुवै बढ्ने भएकाले अर्थतन्त्रलाई राम्रै गर्छ।' यी चाडपर्वको समयमा धेरै मानिस सहरी क्षेत्रबाट आफ्नो जन्मस्थल ग्रामीण क्षेत्रमा पुग्ने हुँदा आन्तरिक पर्यटन प्रवद्र्धन गर्न पनि सघाएको छ। जनकपुरधामलगायत विभिन्न ठाउँमा सस्तो बजारका नाममा विशेष बजार दशैँदेखि छठ पर्वसम्म सञ्चालन हुने गर्दछ । यस्ता बजारमा स्थानीय तथा राष्ट्रिय उत्पादनहरू बढी मात्रामा रहेकाले देशकै आर्थिक गतिविधि बढ्ने गर्दछ । रासस

# औद्योगिक प्रतिष्ठानहरु अन्धकार बनाएको भन्दै विरोध

**मधेशदृष्ट**
**वीरगंज ।**
उज्यालो पर्व तिहारको बेलामा देशको औद्योगिक प्रतिष्ठानहरु अन्धकार बनाएको भन्दै बाराको जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघले विरोध जनाएको छ ।
मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्षमोहनशर्मा लामिछानेले विद्युत प्राधिकारणको कदम सच्याउन आग्रह गरेका छन् । डेडिकेटेड र ट्रंक लाइनको विवाद नयाँ नरहेको वार्ता र सहमतीको माध्यमबाट समस्या समाधानका लागि उद्योगीले गरेको आग्रहलाई सरकारले पटक–पटक बे–वास्तागर्दै आएको उद्योग वाणिज्य संघले जनाएको छ । देशमा गरी खानपाउने वातावरण निर्माणका लागिहौसला बढाउनुको सट्टा केही न केही बखेडा झिकेर पटक–पटक उद्योगी व्यवसायीमाथि भइरहेको आक्रमणले उद्योगीलाई त्रसितपारिरहेको उद्योग व्यवसायमा गरिएको लगानीको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने सरकार र सरकारका विभिन्ननिकायले पटक–पटक उद्योगी व्यवसायीमाथि गरिरहेको आक्रमणले लगानी पलायनको खतरा समेत बढ्दै गएको विज्ञप्तिमा उल्लेख छ ।

# सार्वजनिक यातायातमा पकेट मार्ने तीन जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
मकवानपुर प्रहरीले सार्वजनिक यातायातमा पकेट मारेर भागेका तीन जनालाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ । मनहरीमा बस चढेका यात्रुको ५१ हजार नगद चोरी गर्ने सिन्धुपाल्चोक लिसंखु पाखर गाउँपालिका वडा नम्बर ६ बस्ने ३२ वर्षीय लाक्पा तामाङ, जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा नम्बर–१० बस्ने ४२ वर्षीय प्रेम दोर्जे शेर्पा र धनकुटा छ थर गाउँपालिका वडा नम्बर – ३ बस्ने ३७ वर्षीय




हेमराज श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको हो । सोमबार राति ११ बजेको समयमा मकवानपुर मनहरी गाउँपालिका वडा नम्बर– ६ बस्ने ४९ वर्षीय भरत गौतम हेटौंडाबाट ना ५ ख ८१०१ नम्बरको बस चढेर लोथर जाने क्रममा उनको साथमा रहेको नगद ५१ हजार चोरी भएको थियो । चोरी भएको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय मनहरी मकवानपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूको साथबाट चोरी भएको रकम बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

# बाँसका भाँडाकुँडा बनाउन भ्याइनभ्याइ

**मधेशदृष्टि**
**जलेश्वर ।**
छठ पर्व नजिकिँदै गर्दा अहिले महोत्तरीका डोम समुदायलाई बाँसका भाँडाकुँडा बनाउन भ्याइनभ्याइ भएको छ । छठमा बाँसका डोको, डालोलगायत सामग्रीको माग बढी आउने भएकाले यहाँका डोम समुदाय व्यस्त छन् । गाँस, बास र कपासका लागि बाँसका भाँडाकुँडा बनाउने पेसा पुर्खादेखि हस्तान्तरण हुँदै आएकाले यसलाई निरन्तरता दिएको जलेश्वर नगरपालिका–२ का भोगिन्द्र डोमले बताए । छठमा माग बढी हुने भएकाले कात्तिकभरिको कमाइबाट चाडपर्व मनाउने अवसर प्राप्त हुने उनको भनाइ छ । जिल्लाको जलेश्वर, मटिहानी, पिपरा, औरही, गौशाला, सम्सी, सोनमा, रामगोपालपुर, एकडारा, मनरालगायत स्थानमा बसोबास गर्ने डोम समुदाय छठ पर्वका



लागि बाँस र बेतबाट डालो, नाङ्ग्लो, टालु, टपरीलगायत भाँडाकुँडा बनाउन व्यस्त भएका हुन् । बाँसको चोयाबाट डालो, नाङ्ग्लो बुन्दै गरेकी मनरासिस्वा नगरपालिका–१ की ७० वर्षीया बेचनी डोमिनले भने, 'कात्तिक लाग्नेबित्तिक्कै घरका सबैले बिहानदेखि बेलुकासम्म डालो, नाङ्ग्लो र टालु टपरी बनाउने काम पाएका छौँ । छठमा यी सामग्री बेच्दा मनग्य आम्दानी हुने भएकाले यसलाई अवसरका रुपमा लिएका छौँ ।'
छठ पर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाट बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुडाहरु किन्नुपर्दछ । छठको आगमनसँगै डोम समुदायका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने विश्वास रहेको पिपरा–१ का बिकाउ डोमले बताए । सोही कारण दिनरात व्रतालुहरुका निम्ति बाँसका भाँडाकुँडा बनाउने गरेको उनको भनाइ छ ।
सम्सी गाउँपालिका–४ का मनोज डोमले डालो, नाङ्ग्लो र टालु टपरी बेचेर कात्तिक भएको आम्दानीले वर्षभरिको खर्चको जोहो गर्ने बताए । सोनमा गाउँपालिका–३ का विजय डोमले घरका बालकदेखि बुढासम्मले डालो, नाङ्ग्लो बेचेर प्रतिव्यक्ति २० हजार देखि २५ हजार रुपैयाँ र प्रत्येक परिवारले एक लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका जानकारी दिए ।
पछिल्लो समय छठ पर्व मनाउनेको संख्यामा वृद्धि हुँदै जाँदा बजार माग पनि बढी भएको उनको भनाइ छ ।

# वीरगंजमा कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिता हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्पोर्टस एकेडमी र लायन्स क्लव अफ वीरगंज परिवारको संयुक्त आयोजनामा वीरगंजमा ५ औं कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिता हुने भएको छ । ५ ओभरको खेलमा ६ खेलाडी समलित लिग र नक आउटको व्यवस्थामा मिलाईएको आयोजकले जनाएका छन् । वीरगंजका आसपासका कर्पोरेट सस्थाहरु बैंक बित्तिय सस्था, इन्सोरेन्स कम्पनी, फर्मास्युटिकल्स, गाडी बिक्रेता कम्पनीहरु, उत्पादन मुलक संस्थाहरु समावेश हुने खेलले मनोरञ्जन एवम् कर्पोरेट कल्चरलाई संस्थागत गर्ने साथै सस्थाहरुकाबीचमा आपसी सम्बन्धलाई प्रगाढ बनाउने यस प्रतियोगिताको आयोजना गर्न लागिएको हो आयोजकले जनाएका छन् ।
बिगत ४ सिजन सम्पन्न भइसकेको यस प्रतियोगिता पछिल्लो समय कोरोना एवम् विविध कारणले रोकिएको थियो । सन् २०१३, २०१४, २०१५ र २०१८ मा १२ टिम सम्मिलित प्रतियोगिता सम्पन्न भइसकेको संस्थाका सचिव नरेश रौनियारले बताए । यो सिजन यहि मंसिर १ र ८ गते आदर्शनगरस्थित मैदान मा १६ टिम सम्मिलित रहनेछन भने केही टिमहरुले रजिस्ट्रेसन समेत गराइसकेको उनले बताए ।
प्रतियोगितामा करिब ३ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगितामा विजेता र उपविजेतालाई सिल्ड एवम् उत्कृष्ट बलर, ब्याट्सम्यान, फिल्डर एवम् खेलाडीहरुलाई मेडलद्वारा पुरस्कृत गरिने आयोजकले जनाएका छन् ।



**बिक्रीमा राखिएका नाङ्ला :** हटियामा छठ पर्वको लागि बिक्रीमा राखिएका नाङ्ला । बाँसबाट बनेको नाङ्लो, डालोजस्ता सामग्रीहरूको छठको विशेष पूजा विधिमा महत्त्वपूर्ण मानिन्छ ।
तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# पोलिक्लिनिक सञ्चालकलाई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा जिल्लामा प्रहरीले लागू औषध बिक्री वितरणमा संलग्न रहेको आरोपमा एक पोलिक्लिनिक सञ्चालकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा यम आर पोलिक्लिनिकका सञ्चालक राजेश साह कानु रहेको ईलाका प्रहरी कार्यालय बारागढीले जनाएको छ । प्रहरीले गोप्य सूचनाको आधारमा विशेष चेकजाँच अभियान सञ्चालन गर्दै बारागढी गाउँपालिका वडा नम्बर २, मलाही चौकस्थित यम आर पोलिक्लिनिकमा छापा मारेको थियो । छानबिनका क्रममा उक्त क्लिनिकबाट विभिन्न प्रकारका लागू औषध फेला परेपछि सञ्चालकलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।
प्रहरीका अनुसार पोलिक्लिनिकबाट कोरेक्स डिएक्स ५ बोतल, नाईट्रोभेट ४७ ट्याब्लेट, ट्रामोवेल २० ट्याब्लेट, लोरी ३ ट्याब्लेट, बुप्रिगेसिक ३ ट्याब्लेट र फेनारगन ३ ट्याब्लेट बरामद गरिएको छ । प्रहरीले राजेश साह कानुलाई पक्राउ गरी थप अनुसन्धान अगाडि बढाएको जानकारी दिएको छ । बारा प्रहरीले हाल पक्राउ परेका व्यक्तिलाई नियन्त्रणमा राखेर यस घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी तथा अनुसन्धान कार्यलाई समेत तीव्रता दिएको छ ।

## श्री शिव शक्ति मा. वि. बटेश्वर
बटेश्वर गाउँपालिका-४, धनुषा

सूचना ! सूचना !! सूचना !!!

### शिक्षक आवश्यकता सम्बन्धी सात दिने सार्वजनिक सूचना

(तेस्रो पटक प्रकाशित मितिः २०८१/७/१३ गते)

उपर्युक्त सम्बन्धमा मिति २०८१/७/१३ गतेको वि.व्य.स.को बैठकको निणर्यानुसार श्री शिव शक्ति मा. वि. बटेश्वरमा खुल्ला प्रतिस्पर्धाबाट विद्यालयको प्राविधिक तर्फका मा.शि.द्वितीय श्रेणीको रिक्त दरबन्दिमा करार पदपूर्ति गर्नु परेकोले दक्ष तथा योग्य नेपाली नागरीकबाट सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निवेदन दिन हुन आह्वान गरिन्छ।

**तपसिल :**
**विज्ञापन नं.** ८१०१–२०८१/०८२
**फारम भर्ने मिति :** २०८१/८/१३ देखि २०८१/७/१९ गते सोमबार सम्म
**परीक्षा दस्तुर :** रु. १५००।-
**शैक्षिक योग्यता :** स्नातकोत्तर विज्ञान (रसायन शा.)
**पद :** प्रशिक्षक/शिक्षक/रसायन शास्त्र)
**तह/श्रेणी :** मा.शि. द्वितीय
**सम्पर्क मिति :** २०८१/७/२० गते
**परीक्षा मिति :** २०८१/७/२१ गते विहान ९:०० बजे
**परीक्षाको किसिम :** (क) लिखित - वस्तुगत
- विषयगत
(ख) अन्तर्वार्ता
**तलव–सुविधा :** नेपाल सरकारको प्रचलित स्केल अनुसार
**दरखास्त दिने स्थान :** श्री शिवशक्ति मा.कि. बटेश्वर
**पाठ्यक्रम :** शिक्षा विभाग/शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम

सम्पादकीय

# लाइसेन्समा लगातार लाजमर्दो अवस्था

देशमै बदनामी कमाउने सरकारी कार्यालयहरुको नाम लिनु परे धेरैले यातायात व्यवस्था कार्यालय वीरगंजको नाम छुटाउँदैनन् । हो पनि, वीरगंजस्थित यातायात व्यवस्था कार्यालयबाट जारी भएका कैयौँ लाइसेन्सको अभिलेखसमेत नभएर दुःख पाउनेको ठूलै फेहरिस्त छ भने कैयौँले सक्कली लाइसेन्सको पनि नवीकरणमा अनेक सास्ती भोगेका छन् । नक्कली लाइसेन्ससमेत सक्कली कार्यालयका नाममा जारी गरेर गिरोहले यातायात कार्यालयको बदनाम गरिरहँदा पर्सास्थित यातायात कार्यालयको नाम अगाडि आउँछ । यति मात्र होइन, लाइसेन्स तरकारीको भाउमा माछाबजार नै लगाएर वीरगंजमा बेचबिखन हुन्छ, पैसा लिएर गएपछि लाइसेन्स पाइन्छ भन्ने सन्देश वीरगंजस्थित यातायात कार्यालयले वर्षौँदेखि सञ्चार गरिरहेको थियो । सुशासन र पारदर्शिताका गफले नथाक्ने सरकार र सरकारकै अवयवमा हुने यो धन्दामा केही स्थानीय दलालको पनि रोजिरोटी चलेकाले यसलाई हटाउने भन्दा विकास गर्दै लैजानपर्छ भनेर नागरिक समाजका केही अनुहार पनि गति छाडेर संलग्न भएपछि लाइसेन्स धन्दा बदनाम भएको हो । यो बदनामी कमाइमा यातायात कर्मचारीले मान्छेलाई कोटामा राखेर गनेरै कमिसन खाने र दलालहरुले मान्छेलाई दररेट राखेरै पैसा संकलन गर्ने प्रचलन नै राखेपछि यातायात कार्यालय चरम बदनाम भएको पक्का हो ।

यसपटक पनि वीरगंजस्थित यातायात कार्यालयमा यस्तै खेतिपाती गरेर धनतेरसका दिन मोटै धन कुम्ल्याउने प्रपञ्च भएको थियो । यसमाथि नयाँ हाकिम आएका थिए । उसै पनि तीन महिनादेखि लाइसेन्स ट्रायल रोकिएको थियो । त्यसैले चाडपर्वमा कसैले थाहा नपाउने गरी सेटिङमा लिखितमा पास गराएर ट्रायलमा पनि पास गराउँदै शुरुमै बोलकबोल गरिएको रकम उठाउने प्रपञ्च मसिनोसँग व्यवस्थापनमा यातायात कर्मचारी र स्थानीय दलाल लागेका थिए । तर भइदियो के भने मधेश प्रदेश सरकारको मुख्यमन्त्री कार्यालय र हेटौँडास्थित अख्तियार कार्यालयले चासो दिएपछि वीरगंजका नागरिक समाजले पनि यसपटक ट्रायल सेन्टरमा ट्रायल गरे अर्थात् क्रसचेक हाने ।

अरु केही गरिएन, अख्तियारबाट प्रहरी निरीक्षकको टोलीले दुई दिन ट्रायल सेन्टरमा उपस्थिति जनाएर अनुगमन मात्र गरेको हो । लिखितमा पास भएकाहरु धमाधम ट्रायलमा फेल भए । कुल लिखित पासका १६ प्रतिशत मात्रै ट्रायल पास भएपछि बोलकबोल गरेर रकम मोलमोलाइसहित सेटिङमा लाइसेन्स दिने गिरोहको योजना फेल भयो । यो योजनामा ट्रायल पास नै गर्न नसकेपछि समस्या हुने नै भयो । यसरी चाडपर्वको मुखैमा आएको रकम पनि अख्तियारको चासोले खेर गएपछि कर्मचारी निरास हुने नै भए, स्थानीय दलालको पनि सोमबार राति वीरगंजमा ठूलै रुवाबासी देखियो ।

अख्तियारले सामान्य चासो राखेर ट्रायल सेन्टरमा उपस्थिति जनाउँदा १६ प्रतिशत भन्दा बढी पास हुन नसक्ने अवस्थाकाहरु लाइसेन्स किनबेचका लागि तयार भएको भेटियो । यो काममा चितवन, मकवानपुरदेखिका सर्वसाधारण लाइसेन्सका लागि वीरगंज पुगेका थिए । तर यसपटक सबैको सपना खेर गएको छ । किनभने उनीहरु ट्रायल फेल भएका छन् । उनीहरु किर्ते लिखित परीक्षा पास भएको विषयमा हामीले भनिसकेका छौँ । लेखिसकेका छौँ । यस्तो बदमासी धन्दालाई केही हदसम्म भए पनि नियन्त्रण गर्न सफल भएकामा यसपटक अख्तियारलाई धन्यबाद दिऔँ र यसरी नै लाजमर्दो लाइसेन्स प्रकरणबाट उम्कँदै सुशासनको अभ्यास गरौँ । यसपटक दलालहरुको रुवाबासीको सन्देश यही भएको छ ।

# महिनावारीको छोइछिटोः सम्पन्न पुस्ताको विपन्न मानसिकता !


करुणा देवकोटा


सबिता आचार्य

**हरेक वर्ष चाडपर्वको छेकोमा अन्य केही विषयझैँ महिनावारीको विषय सामाजिक सञ्जालमा अलिक धेरै सलबलाउन थाल्छः**

'आज त मेरो पिरियड भएको तीन दिन, धन्न दशैँ÷तिहारको टीका लगाउन पाउने भएँ ।' 'मेरो त आज पिरियड भएको दुई दिन भयो, दशैँ÷तिहारको टीका लगाउन मिल्ला ?'

यी विचार र प्रश्नहरूमा 'सहज' ऐक्यबद्धता जनाउँदै केही यस्ता प्रतिक्रिया लस्करै देखिन्छ, जसले यो बहस सलबलाउन विशेष भूमिका खेलिदिन्छन् । 'मिन्स भा' को पाँच दिन नभई त टीका लगाउन हुँदैन हाम्रोतिर त।फुको टीकासम्म चाहिँ लगाउनुभए हुन्छ।'

'मैले त औषधि खाएर पिरियड पछाडि सारेको, वर्ष दिनको चाडमा त लगाउनुप¥यो नि टीका ।' कमेन्टको 'वर्षा' हुने त्यस्ता बहसमा आएका यी केही प्रतिनिधि भनाइ हुन् । समान प्रकारका यस्ता कमेन्टले कमेन्ट बक्समै कहिलेकाहीँ फरक परिवेश, संस्कृति, बुझाइ र व्यवहार भएकाहरूको जुहारी पनि चल्छ । बर्सेनि दोहोरिइरहने यो बहसमा अनेकन् सोच, विचार र शैलीका प्रतिनिधित्व भेटिन्छन् । अनि त्यस्ता विचार निर्माण गर्ने सामाजिक, सांस्कृतिक, शैक्षिक, भौगोलिक, राजनीतिक, मनोसामाजिक चेत तथा परिवेश कस्तो होला भनेर सोच्न बाध्य भइन्छ।

त्यही सोचलाई पर्गेल्न हामी बेलाबखत ती विचार साझा गर्नेहरूको सामाजिक सञ्जालका भित्ताहरू चहाछौं । ती भित्तामा देखिएका अनुहार, लेखिएका बायो र शेयर गरिएका शब्दहरूले सजिलै अनुमान गर्न सकिन्छ, यस्ता विचार साझा गर्ने व्यक्तिमध्ये धेरैजसो पढेलेखेका, सूचना प्रविधिमा जानकार र देश दुनियाँबारे धेरथोर ज्ञान भएका पुस्ताबाटै 'प्राकृतिक प्रक्रिया महिनावारी'बारे संकीर्ण धारणा प्रसार हुनु लाजमर्दो हो।

विचार साझा गर्नेको त्यस्तो भीडमा एकाध यस्ता विचार पनि हुन्छन्, जसका विचारले समाजका लागि परिवर्तनको मधुरो प्रकाश छरिदिन्छन्ः

'ह्या म त पिरियड भए पनि कसैलाई नभनी टीका लगाउने हो। वर्ष दिनको चाड पो हो त ।' 'म त बार्नेओर्ने कुरै मान्दिनँ। पिरियड त न्याचुरल प्रोसेस हो नि यार ! लेट्स सेलिब्रेट इट विथ प्राइड ।' (यो प्राकृतिक विषय हो । गर्वका साथ चाड मानौँ न !)

अत्यन्त थोरै संख्यामा भेटिने पछिल्ला प्रतिक्रियाले महिनावारीको रूढिवादी व्याख्यालाई गलत मान्नेहरू पनि छन् है समाजमा भन्ने दर्साउँछ। यो बहस चाडपर्वको समयमा बढी हुने गरे तापनि विभिन्न संस्कार, कर्मकाण्डलगायत अवसरदेखि दैनिक जीवनमा पनि जोडिने गर्छन्।

'पिरियड भएको कति दिनमा मन्दिर जान÷व्रत बस्न÷पितृकार्यमा सहभागी हुन हुन्छ ?' जस्ता प्रश्न, जिज्ञासामा क्रियाप्रतिक्रिया वर्षभरि नै हुने गर्छ । यो निरन्तरको प्रक्रियाले महिनावारीबारे 'स्वस्थ' र 'आवश्यक' बहसको थालनी सामाजिक सञ्जालमा व्यापक रूपमा नभए तापनि महिनावारीसँग जोडिएको विभेद र छोइछिटोबारे जनमत बुझ्न भने धेरै सहयोग पुग्छ।

यस्ता क्रियाप्रतिक्रियाले के देखाउँछ भने व्यक्ति पढेलेखेको र आर्थिक तथा सामाजिक हैसियतले सम्पन्न हुँदैमा तिनको चेतना र सोचमा परिवर्तन आउँदैन। त्यस्ता धारणाका पछाडि पुस्तौँदेखिको विश्वास र व्यवहार, धर्मप्रतिको आस्था, पारिवारिक संस्कारले दिएको दृष्टिकोणजस्ता कुराले भूमिका खेल्दो रहेछ।

विद्यमान धर्म, संस्कृति, भौगोलिक अवस्था र परम्पराअनुसार महिनावारीबारे नेपाली समाजमा फरक बुझाइ र अभ्यास प्रशस्त भेटिन्छन् । नेपालको पूर्वी पहाडी भेग र सुदूरपश्चिमको पहाडी भेगमा नै महिनावारीबारे फरक धारणा र व्यवहार छन्। मैथिली, नेवार, ब्राह्मण, हिमाली र आदिवासी जनजाति सबैका महिनावारीबारे अलग बुझाई र मान्यता छ।

सुदूरपश्चिमका राना थारूदेखि पश्चिम, मध्यपश्चिम र मधेशका थारूमा यसबारे पृथक् अभ्यास छ । त्यही सुदूरपश्चिमको एउटा समुदायमा महिनावारीबारे अत्यन्तै रूढ विचार छ। जहाँ छाउगोठ ठीक कि बेठीक भन्ने बहस त अझै छ नै, यसैलाई धर्म र पापसँग जोडेर व्याख्या विश्लेषण गर्ने पनि प्रशस्त भेटिन्छन् । विशेष गरी बहुसंख्यक पहाडिया खस ब्राह्मणमा यसबारे सबैभन्दा धेरै रुढी विचार र व्यवहार अभ्यासमा छन्।

महिनावारीबारे फरक समुदायमा फरक सोच कसरी निर्माण भयो ? कुनै समाज कट्टर किन भयो र कुनै समाजमा यो छोइछिटोको विषय किन भएन ? यसका पछाडि के कस्ता सांस्कृतिक अभ्यास जिम्मेवार छन् र उक्त समाजभित्रको शक्ति सम्बन्ध कस्तो छ? सांस्कृतिक अभ्यास, त्यसभित्र निर्माण भएका मिथकहरू र शक्तिसम्बन्धीको अभ्यास केलाउँदै जाने हो भने महिनावारीबारे धेरै भ्रम सजिलैसँग चिरफार गर्न सकिन्छ।

महिनावारीबारेको यही असमान र अमान्य व्यवहार किन अझै अभ्यासमा छन्, महिनावारीबारे समाजको एउटा समूह उदार हुँदै गइरहँदा, अर्को तप्का भने किन कट्टर नै भइरह्यो ? महिनावारीबारेका संकुचित विचार कसरी निर्माण भए र आजसम्म किन त्यही संचुकित मानसिकताले प्रशय पाइरह्यो ? पारिवारिक संस्कारका कारण कि धार्मिक आस्थामा ठेस पुग्ने डरले ? वा कुनै समयमा बनेको मानव निर्मित धार्मिक कानूनलाई नै सर्वेसर्वा मान्दै संस्कार/संस्कृति निरन्तरता दिन्छु भन्ने अडानले ? हामीले यस विषयमा लेखक सरला गौतमसँग कुराकानी गरेका थियौँ।

गौतमका अनुसार महिनावारी बार्ने र छोइछिटोको विषय बनाउने कुरालाई महिला र पुरुषबीचको शक्तिसम्बन्धीको अभ्यासको इतिहासबाट हेर्नुपर्ने हुन्छ । उनले भनिन्, 'महिनावारीको सम्बन्ध चाहिँ शक्तिपूजासँग वा महिला र पुरुषको शक्तिसम्बन्धीको राजनीतिसँग जोडिएको छ।'

गौतमको बुझाइमा परिवार भन्ने संस्थाको निर्माण भएपछि आफ्नो शक्ति खोज्ने क्रममा पुरुषले आफ्नो वीजलाई चेतनासँग जोडिदियो र महिलाको सिर्जना शक्तिलाई आफ्नो चेतनाभन्दा कमजोर हो भन्ने भाष्य निर्माण गरिदियो।

गौतमले भनिन्,'त्यो भाष्य निर्माण गर्न त्यतिबेलाको परिवेशमा पुरुषका लागि आवश्यक पनि थियो। महिलालाई कमजोर बनाइसकेपछि आफूलाई सर्वश्रेष्ठ हुँ भनेर चिनाउन सक्थ्यो । एक वा एकभन्दा बढी महिलासँग विवाह गर्न, विवाहपछि जन्मिने सन्तानलाई आफ्नो वंशको उत्तराधिकारीका रूपमा सम्पत्ति हस्तान्तरण गर्दै, 'निर्णय लिने र कार्यान्वयन गर्ने' जस्ता गहन भूमिकामा पुरुष सक्षम र सर्वशक्तिमान् हो भन्ने प्रस्ट्याउन सहयोग मिल्थ्यो । सम्पत्ति हस्तान्तरण प्रक्रियासँग जोडिएको शक्ति सम्बन्धको अभ्यास विवाह, परिवार संस्थासँगै महिनावारीसँग पनि जोडिएको रहेछ।'

महिनावारीसँग जोडिएका जति पनि कुप्रथा छन्, त्यसमा शक्तिको राजनीति जोडिएकोमा दुई मत छैन । यस्तो शक्तिको राजनीतिले महिलाको अस्तित्व कमजोर छ भनेर देखाउँछ । महिनावारीका बेला महिलाले भोग्नुपर्ने सारा मानसिक, शारीरिक पीडा र परिवर्तनलाई बेवास्ता गर्दै तिनलाई अलग्याएर राख्छ । महिनावारीमा बग्ने रगतलाई अपवित्र मान्दै महिनावारीको समयमा केही 'शुभ कार्य' ग¥यो भने त्यसलाई 'पाप'को संज्ञा दिन्छ। सदियौँदेखि चल्दै आएको यस्तो परम्पराले महिनावारीलाई देखाएर महिलालाई कमजोर देखाउने र तिनैमाथि शासन गरिराख्ने प्रवृत्ति आज पनि व्याप्त भेटिन्छ।

यद्यपि, यस्ता प्रवृत्तिविरुद्ध जेजति चर्चा र बहस हुनुपर्ने हो त्यो हुन सकिरहेको छैन, कम भइरहेको छ । महिनावारीको विषय उठ्नासाथ महिलाको मात्रै सरोकारको विषय ठान्ने जमात आज पनि ठूलै छ। त्यो जमातले न त महिनावारीको सुन्दर पक्ष स्वीकार गर्ने चेष्टा गर्छ न त महिनावारीका समयमा भोग्नुपर्ने शारीरिक, मानसिक र भावनात्मक पीडामा सहानुभूति नै जनाउने हिम्मत गर्छ। त्यो जमातलाई महिलाको सिर्जना शक्तिको प्रतीक महिनावारीप्रति उदार हुँदै त्यसबेला हुने पीडामा स्वतः सहानुभूति र साथ÷सहयोगको भाव राख्नेसम्मको अवस्थामा पु¥याउन सक्नु नै ठूलो चुनौती आजको पुस्तालाई छ। तर आजकै पुस्ता महिनावारीको बहसलाई पाप र धर्मसँग मात्रै जोडेर छोइछिटो कति दिन बार्ने, किन बार्ने भन्ने विषयको बहसमा सक्रिय देखिनुले महिलाका अन्य थुप्रै विषय छायामा परेका छन्।

महिनावारीलाई लिएर परिवार, समाज र संस्कारमा भएका अभ्यासबारे सामाजिक सञ्जालमा मत–मतान्तर हुनुले महिनावारीको बहसलाई केही हदसम्म उजागर गर्न मद्दत मिलेको छ । कम्तीमा महिलालाई एकातिर महिनावारीबारे बोल्न सघाएको छ भने अर्कोतिर थोरै भए पनि देखा पर्ने फरक मतले कतिपयलाई यसबारे सोच्न बाध्य बनाएको छ । जसले गर्दा आफूले 'सिक्दै–मान्दै–गर्दै' आइरहेको अभ्यास नै सर्वेसर्वा होइन रहेछ भनेर बुझ्न सहयोग गरेको छ। यस्तो छलफललाई हाम्रो समाजको स्तर र चेतनाको सूचकका रूपमा पनि बुझ्न सकिन्छ । ज्ञान र चेतना निर्माणमा अहिले पनि धर्म, प्रथा, संस्कारजन्य कुरा र यो सँगै मिसिएर आउने तथाकथित पापको डरले कसरी काम गरिरहेको छ भनेर बुझ्न पनि सामाजिक सञ्जालका विचारले सहयोग पुऱ्याउँछ।

सुदूरका 'छाउपडी'मा छोइछिटो देख्नु तर आफ्नै घरको महिनावारी बार्ने चलनलाई बेवास्ता गर्नु विरोधासपूर्ण हो। यस्तै, सानो उमेरमै बालिका/किशोरी महिनावारी हुने क्रम बढिरहेको अवस्थामा त्यससँग जोडिएका हर्मोनल कारणदेखि वातावरणीय प्रभावबारे चर्चा गर्नु, उनीहरूलाई मानसिक रूपमा महिनावारीका लागि तयार बनाउन संवेदनशील छलफल गर्नु अर्को चुनौतीपूर्ण र अत्यावश्यक विषय हो।

यस्तै, महिनावारीका 'मुड स्विङ'देखि रजनोवृत्तिका समयमा भोग्नुपर्ने पीडाबारे महिनावारी हुने महिलासहित उनका परिवार र समाजमा बुझाउँदै जिम्मेवार बनाउनु पनि महिनावारीसँग जोडिएको अर्को महत्त्वपूर्ण मुद्दा हो । महिनावारीका यस्ता विविध विषयमा तब मात्र स्वस्थ छलफलको शुरूआत हुन्छ, जब हाम्रा बहसका श्रृंखला महिनावारीको छोइछिटो बार्ने कुप्रथा निमिट्यान्न पार्दै अगाडि बढ्छन्।

महिनावारीबारे आजसम्म पनि धर्म, संस्कार र संस्कृतिकै नियम चलिरहेको छ । यस्ता अभ्यासको शक्ति राजनीतिलाई बुझाउने प्रयत्न छिपछिपे रूपमा एकाध व्यक्ति, संस्था र अभियानले मात्रै गरिरहेको छन्। न स्कुलमा न त पाठ्यक्रममा नै यसबारे बुझाउने पर्याप्त यत्न गरिएको छ। न त यसबारे खुला बहस र छलफल नै पुग्दो छन्। जसले गर्दा व्यक्ति तथा समाज बदलिन सकिरहेका छैनन्। र त हातमा 'लेटेस्ट' स्मार्ट फोन बोक्ने पढेलेखेको र सम्पन्न पुस्ताको सोचमा परिवर्तन आउन सकिरहेको छैन। हुन पनि व्यक्तिको सम्पन्नता वा तिनले प्रयोग गर्ने 'ग्याजेट'का आधारमा चेतना निर्माण हुने होइन। व्यक्तिको दृष्टिकोण नै बदलिन आवश्यक छ।

यस्ता दृष्टिकोण बदल्न हामीले मान्दै आएका धार्मिक संस्कार र परम्पराका केही दृष्टान्त पनि उपयोगी हुन सक्छन्। नेपाल र भारतका केही हिन्दू सम्प्रदायमा योनीपूजाकै परम्परा छ। नेपाल र भारतमा देवीपूजा आधारित दशैँ र दुर्गापूजाजस्ता महत्वपूर्ण पर्व छन्। यस्ता अभ्यासको कारण खोज्दै जाँदा एकातिर नारीशक्तिको आराधना भेटिन्छ भने अर्कोतिर महिनावारीको राजनीतिक कारणको अर्थ पनि खोतल्न सकिन्छ। त्यसो गर्दा नेपाली समाजको विरोधाभासपूर्ण चरित्र बुझ्न सकिन्छ।

सामाजिक सञ्जालमा हुने क्रियाप्रतिक्रियालाई सकारात्मक रूपले हेर्ने हो भने यसले महिनावारीसम्बन्धी बहस व्यापक बनाउन परोक्ष रूपमा भए पनि मद्दत गरेको छ। तर यस्तो बहस एकांकी मात्रै र प्रविधिको प्रयोग गरेर अन्धविश्वासलाई मलजल गर्ने काम भयो भने त्यो झनै घातक हुनेछ। त्यसैले, यस्ता बहसमा नै छिरेर फरक मत राख्ने, तर्क अघि सार्ने र प्रश्न सोध्ने गर्न सकियो भने महिनावारीबारे रूढिवादी बुझाइमा सकारात्मक हस्तक्षेप गर्न सकिन्छ। होइन भने प्रविधिको प्रयोगले चेतनशील विचार निर्माणमा टेवा पु¥याउनुको सट्टा आउने पुस्तालाई महिनावारीको छोइछिटोबारे झनै दोधार र अन्योलमा राखिरहन्छ। उकालो

# देवकोटालाई महाकवि उपाधि


सञ्जय साह मित्र

नेपाली साहित्यकामहाकविलक्ष्मीप्रसाद देवकोटालाई समग्र नेपालीजनजीवनमा सबैभन्दालोकप्रियव्यक्तिको रुपमा लिइन्छ। यसलाई यसरी पनि मानिन्छ कियदि नेपालमा सबैभन्दालोकप्रिय साहित्यकार को हुन् भनेर प्रश्नगर्ने हो भने सबैले सहजै उत्तर दिने हुन्छ किमहाकविलक्ष्मीप्रसाद देवकोटा । यत्तिको सीधा र स्पष्ट उत्तर नेपालको अन्यकुनै पनि सामाजिक क्षेत्रमापाउन सजिलो हुँदैन । सबैको लागिनिर्विवादव्यक्तित्वबनिसकेकाल क्ष्मीप्रसाद देवकोटाको व्यक्तित्वको पाटो फरक होला तर उनलाई त्यस जमानामापनि सबैले आदर गर्ने गरेकाथिए । देवकोटालाई सहयोग गर्नेहरु पनि धेरै थिए । एउटा कुरामाजहिले पनिविवादभइरहन्छ कि देवकोटा धनीथिएकिगरिब ? देवकोटाको पैतृक सम्पत्तिपनिपर्याप्तथियो भनिन्छ भने देवकोटालाई परिवार चलाउनपनिमुस्किल परिरहेको थियो पनि भनिन्छ । यी र यस किसिमकाविपरीत तर्क उनकाजीवनको अन्य क्षेत्रमापनि पाइन्छ । तर देवकोटालाई महाकविभन्ने उपाधिमाकतै कुनै विवाद रहेको पाइँदैन । अलिकति जिज्ञासा उठ्न सक्छ किलक्ष्मीप्रसाद देवकोटालाई महाकविउपाधिकसले दिएकाहुन् ?

डा. कुमारबहादुर जोशीले भीमनिधितिवारीले सोधेको प्रश्नहो – लक्ष्मीप्रसाद देवकोटालाई कसले महाकविउपाधिदिएको होला?तिवारीले दिएको जबाफ सजिलो देखिन्छ। उनी के भन्दछन् भने देवकोटा (कविजी)लाई यो उपाधि जनताबाट प्राप्तभएको हुनुपर्छ । यो गोलमटोल जबाफहो तर वास्तविकतापनिहो । राज्यको दृष्टिकोणले जबसम्म राज्यले औपचारिक निर्णय गर्दैन तबसम्मअन्यजसकसैबाट कुनै काम हुन्छ भने त्यो जनताबाट नै कहलाउँछ। यसको अर्थ यो कदापिहोइनकि देवकोटालाई राज्यले महाकविमानेको होइन । देवकोटालाई सबैले महाकविमानिरहेका छन्, मानिसकेका छन्। यो सुखदहो। सन्दर्भ यो रहेको छ कि देवकोटालाई पहिले कसले महाकविभने ? साहित्यकार तिवारीको मतले स्पष्ट गरेको छ, पहिले राज्यले होइनपहिले जनताले नै देवकोटालाई यो उपाधिदिएकाहुन्। जनताले जब हृदयले उपाधि दिन्छन् तब त्यो लामो समयसम्म रहन्छ । अनि नेपालीनागरिकको हैसियतमा नेपालीजनताले देवकोटलाई महाकविको उपाधिदिएको हो जसलाई कालान्तरमा राज्यले पनि स्वीकार गरिसकेको छ । अर्थात् जनतादेखि राज्यसम्म सबैले समान रुपमालक्ष्मीप्रसाद देवकोटालाई महाकविमानेका छन्, महाकविको सम्मानदिएका छन् । महाकविको लोकप्रियता ग्रहण गरेका देवकोटाको जीवनी र साहित्यिकयात्रानिकै कठिन रहेको देखिन्छ। एउटा विशाल कठिन जीवनयात्राले उनलाईमहाकविसम्म पु¥याएको हो।

देवकोटालाई सबैभन्दापहिले, विद्यालयतहमाअध्ययनगर्ने समयमा नै कोपिलाउँदो कविभनेर बोलाइएको थियो । यो उपाधिपनिउनलाईयत्तिकै प्राप्तभएको होइन। देवकोटाले आफूले लेखेकाकविताहरु सुनाउँदापनिदाजुले लेखिदिएको तर आफ्नो भनेर सुनाएको भनी साथीहरुले भन्ने गरेकाथिए । देवकोटाले आफ्नै कविताहो भन्ने पत्याउनकालागिविद्यालयमै कविता लेख्नु परेको थियो । विद्यालयमा नै कविता लेखेर आफूलाई लेख्न सक्ने खुबीभएको विद्यार्थीको रुपमाआफूलाई सक्षम साबित गरेपछि उनले पाएको कोपिलाउँदो कविको उपाधिले उनलाई ठुलो कविको रुपमा स्थापितहुने सम्भावनालाई पनि देखाउँछ । यसैले भन्ने गरिन्छ – हुने बिरुवाको चिल्लो पात। देवकोटामा हुने बिरुवाको चिल्लो पातको सबै संकेत थियो। त्यसै पनिभन्ने गरिन्छ कि देवकोटाले दशवर्षको उमेर आध्यात्मिकदर्शनको कविता लेखेकाथिए। जीवनको अन्तिम क्षणमा पनि देवकोटाले यहीआध्यात्मिकदर्शनकासिर्जनाआ फ्नो मुखबाट निकालेकाथिए । देवकोटाले आफ्ना् प्रतिभाको प्रदर्शन वाआफूमा रहेको कवित्वक्षमताको प्रस्फुटन दशवर्षमा गरेको कुरालाई धेरैले स्वीकार गरेका छन् । अनि, विद्यालयतहदेखि साहित्यको क्षेत्रमा, मुख्य गरी कविताको क्षेत्रमाअविश्वसनीयकाम गरेर उपाधिपाउनथालेका देवकोटाले पाएको सबैभन्दा ठुलो वाअन्तिमउपाधिचाहिँमहाकवि नै हो। यथार्थमाकुनै पनि साहित्यकार वाकविकालागिमहाकविको उपाधि सर्वोच्च हुनुपर्छ।

देवकोटामा आसुकवित्वथियो । जतिखेर पनि र जहाँपनिकविता लेख्न सक्ने क्षमता देवकोटामा थियो। उनले कुछ क्षणलाई काव्यमयबनाएनन् होला?दुःख, पीडा तथा समस्या र अभावलाई त सबैले साहित्यको विषय बनाउँछन् नै वा सबै क्षणमा मानिसले कविता रच्छन् नै। देवकोटाले अझै पनि बढी पीडा भोगेर साहित्यको सिर्जना गरेका छन्। भनिन्छ, उनको जीवनको हरेक कणमा कवित्वथियो। कविताको आराधनागर्ने एक महान् साधकथिए देवकोटा । कवितालाई खाँदा, सुत्दा, सुन्दा, गुन्दातथाअध्ययनगर्दा सबै समयमा सेवा गरेका छन्। उनले सबै भावको कविता लेखेका छन् । कविताको विषय र क्षेत्र ठुलो कुरो होइन । कविताको संख्यापनि धेरै ठुलो कुरो नहोला तर संख्यासँगै जब गुणवत्ताको पक्ष आउँछ, त्यसमा देवकोटा अब्बल हुन्छन् । हो, उनकाकतिपय रचनातत्कालकापात्रले बुझ्न र विश्लेषणगर्न सक्दैनन् । र, उनकाकतिपयकृतिहरु यताउति छरिएर रहेका छन् । उनकाअझै पनि पाण्डुलिपिहरु सबै छापिएका छैनन् भनिन्छ । यद्यपिकविताको गुणवताले उनलाईमहाकविबनाएको हो। हुन त यो पनिभन्ने गरिन्छ कि देवकोटा महाकविनभएकाभएमहानिबन्धकार हुन्थे । नेपाली साहित्यमाअहिलेसम्ममहानिबन्धकार भन्ने पदवी कसैलाई दिइएको छैन तर देवकोटालाई भने महाकविको उपाधि समाजले नै दिइसकेको र राज्यले पनिमानिसकेकोले देवकोटा समग्र नेपालीकामहाकविहुन् भन्ने कुरामादुईमत छैन । देवकोटाको सन्दर्भमा, के उनीकविता लेखेर महाकविभएकाहुन् त ?भन्ने प्रश्नपनिआउने गरेको छ।

कविताकाविभिन्न रुप हुन्छन् । मूलकविताकै कम्तीमातिन रुप हुन्छन् : फुटकर काव्य, खण्डकाव्य र महाकाव्य । फुटकर काव्यभन्नु चाहिँहामीले सोझो रुपमाभन्ने गरेको कविताहो । कतिपयले यसलाई नै कविताको मुख्य रुप मान्ने गरेका छन्। बालबालिकादेखि सबै उमेरकाले सबैभन्दा बढी लेख्ने गरेको यहीहो । यसलाई साहित्यमा सबैभन्दा बढी लेखिने तथा सबैभन्दा बढी प्रतियोगिताहुने गरेको पनि मानिन्छ । सोझो अर्थमाजसले कविता लेख्दछ, उसलाई कवि भनिन्छ । लक्ष्मीप्रसाद देवकोटालाई धेरैले उनको नामवा थर वाअन्यकुनै उपाधिवाविशेषणले बोलाउनुभन्दाकविजीभनेर बोलाउँथे । देवकोटालाई कविजीभन्नु स्वाभाविकहो । उनलाई सबैले सम्मानगर्ने गरेकाथिए। कविता लेख्ने भएकाले कवि स्वाभाविकभए र उनीकविभन्दाकविजीभनेर बोलाइन्थे । कविताको आकार कस्तो वाकत्रो हुने भन्ने कुरो विवादास्पद रहेको छ । देवकोटाले सबैभन्दा सानो दुई लाइनको कविता लेखेका छन् । मतलबदुई लाइनको कवितापनि हुन्छ । अनिकम्तीमा ठुलोमा बिस पानासम्मको कवितालाई कविता नै भन्न सकिन्छ। आजभोलिलामो कविताभन्नथालिएको छ। यसको अर्थ कविताजतिलामो पनिहुन सक्छ । जबसम्म खण्डकाव्य कहलिनपुग्दैन तबसम्मकविता नै हो। कविताको लामो रुप लामो कविताहो। लामो कविताले कविता र खण्डकाव्यलाई जोड्दछ । अनि खण्डकाव्य चाहिँकविताको मझौला रुप हो। देवकोटाले सबैभन्दा बढी प्रसिद्धि पाएको त खण्डकाव्यमा नै हो। खण्डकाव्यमा लेख्नेलाई पनिकवि नै भन्ने गरिएको पाइन्छ । यद्यपि खण्डकाव्यकार नभनिएको हो । तर खण्डकाव्यकार भन्नमाअलिक ठुलो हुने भएकोले कवि नै भन्ने गरिएको पाइन्छ । खण्डकाव्य सानो भयो भने लघुखण्डकाव्य वाकतिपयले लघुकाव्य पनिभन्दा रहेछन् । यसरी विचार गर्दा खण्डकाव्यमा पनि लघु, मझौलो वा बृहत् हुन सक्ने देखिन्छ । तर खण्डकाव्यको सीमा नाघेपछि महाकाव्यको सीमा सुरु हुने रहेछ । महाकाव्य लेखकलाई महाकाव्यकार भनिन्छ । महाकाव्यको सीमाहुँदैन । कतिविशालहुने भन्ने सीमानहुने भएकोले यसलाई असीमित भनिन्छ। देवकोटाले आधादर्जन महाकाव्य लेखेका छन्। महाकाव्य लेखेको कारण पनि देवकोटालाई महाकविभनिएको हो । देवकोटा महाकविहुन्, नेपाली साहित्यकामहाकविहुन्, नेपालीकामहाकविहुन्।

कविता लेख्दैमाकविहुने किनहुने ?महाकाव्य लेख्दैमामहाकविहुने किनहुने ?यसलाई यसरी बुझ्न सकिन्छ। देवकोटाले महाकाव्य लेख्दैमामहाकविबनेकाहोइनन् तर महाकाव्यनलेखीकनै पनिमहाकविकहलिएकाहोइनन् । देवकोटाले एकातिर महाकाव्य लेखे, महाकाव्यहरु लेखे तथा गुणस्तरीय महाकाव्यहरु लेखे । देवकोटाका समकालीनहरुले पनिमहाकाव्यनलेखेकाहोइनन् । उनीभन्दापहिले पनि नेपाली साहित्यमामहाकाव्यनलेखिएकाहोइनन् । देवकोटाभन्दा पछि पनि साहित्यकारहरुले महाकाव्य लेखेका छन् । देवकोटाभन्दा संख्यामा बढी महाकाव्य लेख्नेहरु पनि रहेका छन् तर महाकविको उपाधिजनसाधारणले दिने गरेको पाइएको छैन किनभने अहिलेसम्मपनि देवकोटाको समीप सम्भवतःअरुहरु पुग्न सकेका छैनन् । महाकवि देवकोटाको जीवनको यो विशिष्टता पनिसितिमितिअरुमापाउन सजिलो छैन कि देवकोटाले जस्तो सम्पूर्ण समर्पण होओस् । देवकोटा साहित्यप्रति सम्पूर्णतः समर्पित थिए। यी र यस्ता अन्यकारणहरुले लक्ष्मीप्रसाद देवकोटालाई आसुकवि, महानिबन्धकार वाअन्यउपाधिभन्दामहाकविको उपाधि योगदानलायक रहेको भन्ने सम्मान सबैले दिएका छन्।

# अराजक गतिविधि मौलाउन दिइन्नः प्रधानमन्त्री ओली



**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले अराजकता तथा साम्प्रदायिक विद्वेष फैलाउने प्रयास भइरहेकाले त्यस्ता क्रियाकलापलाई मौलाउन नदिइने स्पष्ट गरेका छन् । मातातीर्थस्थित सशस्त्र प्रहरी बल प्रतिष्ठानमा मंगलबार भएको सिसं–१६, सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको दीक्षान्त समारोहमा उहाँले कानुन विपरीत क्रियाकलाप हुन नदिने बताए । दीक्षितहरूलाई राष्ट्रको शान्तिसुरक्षामा समर्पित हुने ध्येयका साथ सेवा प्रवेश गरी तालिम पूरा गरेकामा बधाई ज्ञापन गर्दै प्रधानमन्त्री ओलीले प्रहरी बललाई प्रभावकारी बनाउन तथा सुविधा बढाउन मौजुदा कानुन संशोधन गरिने बताए ।

प्रधानमन्त्री ओलीले सीमा क्षेत्रको सुरक्षा सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै सङ्गठनको क्षमता विस्तारमा जोड दिए । गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल,लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मी,मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल, गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी,प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालगायत उपस्थित थिए । मंगलबार ४५ जना दीक्षित भएका हुन् ।रासस

# नवीकरणीय ऊर्जा प्रवर्द्धनमा मन्त्री खड्काको जोड

**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नवीकरणीय ऊर्जा क्षेत्रको प्रवद्र्धनका निम्ति सरकारबाट सक्दो सहयोग हुने उल्लेख गर्दै त्यसनिम्ति सक्रिय भएर लाग्न वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रलगायत सम्बन्धित निकायहरूसँग अनुरोध गरेका छन् ।

केन्द्रको २८औँ वार्षिकोत्सवका अवसरमा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले नवीकरणीय ऊर्जाको विकासका लागि त्यससम्बन्धी विधेयक यथाशीघ्र पारित गर्नुपर्ने पक्षमा आफू रहेको बताए । उनले संसद्को आगामी अधिवेशनमा उक्त विधेयकलाई प्राथमिकताका साथ प्रस्तुत गरिने बताए । ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले त्यसलाई पूरा गर्न केन्द्रको भूमिका महत्वपूर्ण हुने बताए । मन्त्री खड्काले नवीकरणीय ऊर्जा विकासको क्षेत्रमा योगदान गरेका व्यक्ति तथा संस्थालाई सम्मान गरे । ऊर्जा,जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले नवीकरणीय ऊर्जाका माध्यमबाट विद्युत् नभएका स्थानमा उज्यालो पुर्‍याउन केन्द्रले निर्वाह गरेको भूमिकाको सराहना गरे ।

उनले विद्युत्मा पहुँच नभएका ग्रामीण इलाकामा नवीकरणीय ऊर्जा उत्पादन गर्न केन्द्रलाई सुझाव दिए । ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले राष्ट्रिय प्रसारण लाइन नपुगेका क्षेत्रमा सौर्य प्यानलका माध्यमबाट ऊर्जा उत्पादन भएको जानकारी दिए । केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले स्थापनाकालदेखि नै केन्द्रले अहोरात्र काम गरी हालसम्म ४० हजार दुई सय ५३ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना निर्माण गरेको जानकारी दिए । केन्द्रले हालसम्म देशका ३६ लाख ५० हजार घरमा नवीकरणीय ऊर्जा सेवा प्रवाह गरेको उनले बताए । देशभर नवीकरणीय ऊर्जाको क्षेत्रमा पाँच सयभन्दा बढी कम्पनी क्रियाशील रहेका छन्भने ती कम्पनीमा ४० हजारभन्दा बढीले रोजगारी पाएका छन् । वार्षिकोत्सवका अवसरमा कर्मचारीहरूले रक्तदान गरेका थिए ।रासस

# 'विकास र वातावरण संरक्षणका काम सँगसँगै लैजानुपर्छ'



**काठमाडौं ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विकास र वातावरण संरक्षणका काम सँगसँगै अगाडि बढाउनुपर्ने बताएका छन् । नेपाल वातावरण पत्रकार समूह (नेफेज)को नवनिर्वाचित कार्यसमितिसँग मंगलबार मन्त्रालयमा भएको भेटमा उनले विकास निर्माण गर्दा वातावरण संरक्षणसँगै बहुसङ्ख्यक जनताको हित पनि हेर्नुपर्ने उल्लेख गरे । सरकारका प्रवक्ता मन्त्री गुरुङले भने,'विकास निर्माण गर्दा केही रुख काट्नुपरे पनि त्यसको कैयौँ गुणा वृक्षरोपण गरेर विकासमा आउने बाधा अवरोध हटाउनुपर्छ । त्यसका लागि कानुनी व्यवस्था र कार्यान्वयनमा आवश्यक सुधार गर्न जरुरी छ ।' कानुन देखाएर विकास निर्माणमा अवरोध गर्ने र आयोजनाको नाममा जथाभावी रुख कटान गर्ने दुवै कार्य उचित नभएको धारणा व्यक्त गरे ।

मन्त्री गुरुङले पहिलेको तुलनामा नीतिगत रुपमा स्पष्टता आएको र कानूनी प्रावधानमा पनि सुधार भएको उल्लेख गर्दै जलवायु परिवर्तनका मुद्दामा सचेतना बढे पनि प्रचलित नारामा बहुकिएर चर्चा कमाउनेभन्दा काम गर्ने व्यक्ति कम भएको जिकिर गरे । 'नेपालको कार्बन उत्सर्जनमा नगण्य योगदान भए पनि जलवायु परिवर्तनका असरबाट बढी प्रभावित हुनुपरेको छ । यस विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले गत महिना संयुक्त राष्ट्रसङ्घको उच्चस्तरीय मञ्चमा प्रष्ट कुरा राखिसक्नुभएको छ', उनको भनाइ थियो ।

मन्त्री गुरुङले जलवायु परिवर्तनले नेपालको वातावरणमा पारेको प्रभावलगायत विषयलाई अन्तर्राष्ट्रियकरण गरेर क्षतिपूर्तिका लागि विश्व जगतलाई आह्वान गर्नुपर्नेमा जोड दिए । नेफेजका अध्यक्ष चन्द्रशेखर कार्कीले संस्थाको कामकारबाहीका बारेमा जानकारी गराउँदै नेफेजको कार्यालय भवनको निर्माणकार्य बाँकी रहेकाले त्यसमा थप सहयोगका लागि आग्रह गरे ।रासस

# सशस्त्रलाई प्रविधिमैत्री र चलायमान बनाइनेःगृहमन्त्री लेखक



**काठमाडौं ।** गृहमन्त्री रमेश लेखकले युग सुहाउँदो तालिम र प्रविधिसहितको परिचालनले मात्र अबका सुरक्षा चुनौती सामना गर्न सकिने बताएका छन् । राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा मंगलबार आयोजित सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिम दीक्षान्त समारोहमा उनले सशस्त्र प्रहरीलाई प्रविधिमैत्री र चलायमान बनाउन मन्त्रालयले काम गरिरहेको बताए । गृहमन्त्री लेखकले भने,'७७ वटै जिल्लामा परिचालित सशस्त्र प्रहरीलाई थप जनशक्ति व्यवस्थापनका साथै भौतिक पूर्वाधार, युग सुहाउँदो बन्दोबस्ती सामग्रीले सुसज्जित गर्दै लैजान गृहमन्त्रालय प्रयासरत छ ।'

नीतिगत व्यवस्था र कार्यान्वयनको तहमा गर्नुपर्ने आवश्यक सम्पूर्ण सहयोग गर्न मन्त्रालयबाट तयार रहेको उनले उल्लेख गरे । उनले राज्यले सुम्पिएका जिम्मेवारीलाई विषम परिपरिस्थितिमा समेत सशस्त्र प्रहरीले व्यावसायिक दक्षता प्रदर्शन गर्दै आएको बताए । मौजुदा स्रोतसाधनको प्रयोग गरी नतिजा हासिल गर्नेतर्फ विगत र वर्तमान जस्तै क्रियाशील रहिरहन सशस्त्र प्रहरीलाई गृहमन्त्री लेखकले निर्देशन दिए ।

'सुरक्षा निकायका हरेक सदस्यले संविधान र प्रचलित ऐन–नियमको परिधिभित्र रही मानवअधिकारको संरक्षण र परिपालनामा कर्तव्यनिष्ठ भई कार्य गरेमा लोकतान्त्रिक संस्कार र विधिको शासन स्थापित हुँदै जान्छ', उनले भने, 'विधिको शासन र कानुनी राज्यको मूल मर्मलाई आत्मसात् गर्दै कानुन पालना गर्ने/गराउने निकायले चनाखो एवम् होसियार रहेर आफ्नो काम कारबाही सञ्चालन गर्नु÷गराउनु अहिलेको आवश्यकता हो ।' प्रशिक्षणलाई समयानुकूल आधुनिक र वैज्ञानिक बनाई राज्यलाई दक्ष अधिकृत निर्माणमा सङ्गठनले खेलेको भूमिकाको प्रशंसा गर्दै मन्त्री लेखकले सशस्त्र प्रहरी एउटा निश्चित, स्पष्ट,वैज्ञानिक किसिमले सबैको हित हुने ढङ्गले अगाडि बढ्ने व्यवस्था गरिने बताए ।

सशस्त्र प्रहरीको नयाँ ऐनले सशस्त्र प्रहरीको सेवालाई विशिष्टीकृत गर्दै लैजाने बताउँदै उनले त्यो विधेयक आगामी सङ्घीय संसद् अधिवेशनमा पेस गरिने बताए । 'सशस्त्र प्रहरी बलको मौजुदा कानूनलाई परिवर्तन गरेर नयाँ कानून निर्माणमा अगाडि बढेको छौँ । यसले बललाई थप सक्षम, सबल र व्यवसायिक बनाउने विश्वास लिइएको छ', उनले बताए । गृहमन्त्री लेखकले नयाँ कानूनका सम्बन्धमा परामर्शको काम अन्तिम चरणमा रहेकाले आगामी सङ्घीय संसद्को अधिवेशनमा पेस गरेर कानून निर्माण गरिने जानकारी दिए । सशस्त्र प्रहरीले खेलकुदको क्षेत्रमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए । 'सशस्त्र प्रहरीका खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा राम्रो प्रदर्शन गरेको हुँदा सरकारले खेलाडीका लागि विशेष पद सिर्जना गरी नियुक्त गर्न सक्रेगरी नीति बनाउन लागेका छौँ',उनले भने । रासस

# विपद् व्यवस्थापनका लागि अध्ययन हुनुपर्छः मन्त्री दाहाल



काठमाडौं । भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री देवेन्द्र दाहालले प्राकृतिक विपद् व्यवस्थापनका लागि वातावरणीय पक्ष तथा भौगर्भिक विषयमा राम्रो अध्ययन हुन जरुरी रहेको बताएका छन् । अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसका अवसरमा नेपाल भौगर्भिक समाजद्वारा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले पूर्वाधार निर्माणअघि गरिने भौगर्भिक तथा वातावरणीय अध्ययन राम्रो हुन नसक्दा विपद्बाट क्षति बढी भएको बताएका हुन् ।

यस पटकको बाढीपहिरोको क्षतिलाई अध्ययन गर्दा बस्ती तथा विपद् व्यवस्थापनतर्फ ध्यान दिन जरुरी रहेको उल्लेख गर्दै मन्त्री दाहालले हाम्रा भौगर्भिक र वातावरणीय अध्ययन, भौतिक पूर्वाधारहरूको अवस्था, विपद् जोखिमका क्रममा सामना गर्नुपर्ने पूर्वतयारीका विषयमा विभिन्न कोणबाट प्रश्न उठेको सन्दर्भमा समग्र विकास निर्माणको ढाँचाका विषयमा पुनःविचार गर्नुपर्ने धारणा व्यक्त गरे ।

मन्त्री दाहालले यसपटक बाढीपहिरोबाट मुलुकका ३९ राजमार्गको आठ सय ११ स्थानमा क्षति पुगेको जानकारी गराउँदै भने,'हाम्रा प्राथमिकता निर्धारण गर्दा मुलुकको राजस्वमा प्रभाव पार्ने क्षेत्र, बढी आवतजावत हुने क्षेत्रमा यातायात पूर्वाधारको विकास, आन्तरिक उत्पादनलाई बजारसम्म जोड्ने क्षेत्र तथा यात्राको दूरी घटाउने आयोजना छनोट गर्नुपर्ने देखिएकाले सोहब्ामोजिमको योजना तथा कार्यक्रमलाई सरकारले ध्यान दिनेछ ।'

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव केशवकुमार शर्माले नेपालको मुख्य विपद् बाढी पहिरो, भूक्षयजस्ता समस्या रहेको उल्लेख गर्दै भूकम्पीय दृष्टिले जोखिम मानिने नेपालमा सडक–पुल, भवन, जलविद्युतलगायत पूर्वाधार निमाणका क्रममा राम्रोसँग भौगर्भिक अध्ययन हुनुपर्ने धारणा व्यक्त गरे ।

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) का सदस्यसचिव डा.रवीन्द्र ढकालले लगानी वृद्धिसहित धेरैभन्दा धेरै जनशक्तिलाई विज्ञान तथा प्रविधिका क्षेत्रमा आकर्षित गर्दै देश र जनताका हितमा काम गर्नुपर्नेमा जोड दिए । उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले विपद्मा अहिलेसम्म भएका प्रयासहरू पर्याप्त नभएको भन्दै प्रभावकारी रुपमा कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षका बीच समन्वय आवश्यक रहेको बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका (एनएडिआरएमए)का कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकता दिएर अगाडि बढेको बताउँदै भने,'विपद् पूर्वानुमान र व्यवस्थापनका लागि अन्तरसरकारी निकाय तथा अन्य सरोकारवालाहरूबीच समन्वय आवश्यक छ ।'

विपद् पूर्वतयारी राष्ट्रिय समाजका अध्यक्ष राजु थापा, नेपाल भौगर्भिक समाजका अध्यक्ष चूर्णबहादुर वली र भूगर्वविद् डा.सुबोध ढकालगायतका वक्ताले विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रभावकारी नीति तथा कार्यक्रम आवश्यक रहेको उल्लेख गर्दै विपद् व्यवस्थापनसँग सम्बन्धित विज्ञ, नेपाली सेना, नेपाल प्रहरी, नेपाल रेडक्रसबीच आपसी सहयोग र समन्वय हुनुपर्नेमा जोड दिए ।रासस

# सरकारले हामीमाथि दमन गऱ्योः रास्वपा

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले सरकारले आफूहरूलाई दमन गरेको प्रतिक्रिया दिएका छन् । बालुवाटारमा मंगलबार प्रदर्शनमा गएका नेता कार्यकर्तालाई पक्राउ गरिएकोमा विरोध जनाउँदै उनले यस्तो बताएका हुन् । उनले कानून बमोजिम विरोध प्रदर्शन गर्दा राज्यले नागरिकको हकहित संरक्षण गर्नु, हस्तक्षेप नगर्नु र बल प्रयोग नगर्नु, राज्य र राज्यका अंगहरुको कर्तव्य हुने भन्दै मंगलबार रास्वपा नेता र कार्यकर्तालाई पक्राउ गरेको आरोप लगाए । बालुवाटारमा प्रदर्शनमा गएका रास्वपा नेता तथा कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको थियो ।

रास्वपा केन्द्रीय सदस्य तथा काठमाडौं उपत्यका आन्दोलन संयोजक तथा केन्द्रीय सदस्य पुकार बम, सांसद अशोक चौधरी र केन्द्रीय सदस्य रामकृष्ण भट्टराई, रास्वपा काठमाडौंका सभापति प्रदीप विष्ट, रास्वपा ललितपुरका सभापति बुद्धरत्न महर्जनसहित ५१ जना गिरफ्तार भएका थिए । झाले भने, 'अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको मुल आधार हो । नेपालको संविधान,२०७२ को धारा १७ ले प्रत्येक नागरिकलाई बिना हातहतियार शान्तिपूर्वक भेला हुने र विचार अभिव्यक्ति गर्ने स्वन्तत्रतालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ' । उनले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावना, अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको धारा १९ लगायतका अन्तर्राष्ट्रिय कानूनले पनि यस अधिकारलाई सुरक्षित गरेको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो सभापति रवि लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको र भ्रष्टाचारविरुद्ध केही दिनदेखि काठमाडौंसहित देशका विभिन्न ठाउँमा शान्तिपूर्ण प्रदर्शन गर्दै आइरहेको छ । यस्तै, (रास्वपा) प्रमुख सचेतक सन्तोष परियारले प्रदर्शनलाई सम्बोधन गर्दै सरकारलाई धेरै धाकधम्की नदेखाउन चेतावनी दिए । उनले भने, 'हाम्रो अनुशासनलाई बुझ्नुस्, धेरै धाकधम्की नदेखाउनुस्, बल प्रयोग नगर्नुस्, हाम्रा केही साथीहरूलाई घरपकड भयो । स्मरण रहोस्, न्यायका लागि हिजो राजाको प्रत्यक्ष शासन सत्तामा ढुंगा हान्ने हातहरू यही हुन् ।' उनले आफ्नो संघर्षको कार्यक्रम जारी राख्ने भन्दै लोकतान्त्रिक विधिबाट सरकारमा रहेकाहरूलाई खारेज गरिसकेको बताए । उनले यो संघर्ष कुनै व्यक्ति र पार्टीको मात्रै नभएको जिकिर गरे ।

नेतृ सुमना श्रेष्ठले आन्दोलनलाई कमजोर बनाउन सरकारले तर्साउन र धम्क्याउन सक्ने भन्दै त्यसको प्रतिवाद गर्न नेता कार्यकर्तालाई निर्देशन दिएकी छन् । रास्वपाकी सहमहामन्त्री समेत रहेकी श्रेष्ठले बालुवाटामा जारी प्रदर्शनलाई सम्बोधन गर्दै विरोधका कार्यक्रम जारी राख्ने बताइन् । उनले भनिन्, 'हामीलाई अब दबाउन, थर्काउन खोज्छन्, हामीलाई कमजोर बनाउने प्रयास गर्छन् । त्यसका लागि देश परिवर्तन गर्न हिँडेका हामीले दुःख दिनेहरूको प्रतिकार गर्ने आँट गर्नुपर्छ ।' उनले रास्वपालाई तर्साउने र धम्क्याउने नछाड्ने र छानीछानी प्रतिशोध साँध्ने काम हुने 'भएकाले प्रतिरोधका लागि तयार रहन आग्रह गरिन् ।

# काठमाडौँका ४६ स्थानबाट फूल बिक्री

# चितवनमा उत्पादन घट्यो

**काठमाडौँ ।**
काठमाडौँ महागरपालिकाले यस वर्षको दीपावली,नेपाल संवत् तथा छठ पर्वका अवसरमा ४६ स्थानबाट फूल बिक्री गर्ने प्रबन्ध मिलाएको छ । नगरप्रमुख बालेन्द्र शाहले सामाजिक सञ्जालमा पोष्ट गर्दै महानगरपालिकाले स्वदेशी उत्पादनका फूल बिक्रीलाई व्यवस्थित गर्न उपयुक्त स्थानको प्रबन्ध मिलाएको जानकारी दिएका हुन् ।



प्लास्टिकजन्य फूल तथा सजावटका सामग्री बिक्री वितरणमा रोक लगाउँदै महानगरले स्वदेशमा उत्पादित फूलको व्यापारलाई प्रवद्र्धन गरिएको जनाएको छ । सम्पूर्ण उपभोक्तालाई स्वदेशी फूल खरिद गरेर नेपाली किसानलाई प्रोत्साहन गर्न पनि अनुरोध गरिएको छ । 'हामी व्यापारीहरूलाई प्लास्टिकका फूल तथा अन्य सजावटका सामग्री बिक्री नगर्न अनुरोध गर्दछौँ । यदि कसैले लुकीछिपी बिक्री गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुनेछ', प्रमुख शाहले भनेका छन् ।

अघिल्लो वर्षको तिहारमा महानगरले सडकमा फूल बिक्रीमा रोक लगाएको र बिक्री स्थान नतोक्दा धेरै किसानले फूल बिक्री गर्न नपाएको गुनासो गरेका थिए । कतिपयले बिक्रीका लागि ल्याएको फूल सडकमै फालेका थिए ।

महानगरले गत वर्ष पनि प्रदर्शनी मार्गस्थित भृकुटीमण्डप, तीनकुने चउर, हाँडीगाउँ र बालाजु विष्णुमती करिडोरमा फूल बिक्री गर्ने स्थान मिलाइएको थियो । गत वर्षको सिकाइबाट यस वर्ष फूल बिक्रेतालाई सहज बनाउने प्रयास गरिने नगरप्रमुख शाहले उल्लेख गर्नुभएको छ । यसका लागि मल, मार्ट, पार्क, पार्टी प्यालेस र सेन्टरहरूमा व्यवस्था मिलाइएको छ ।

**फूल बिक्रीका लागि तोकिएका स्थल**

महानगरले बालाजु माछापोखरीस्थित आरती पार्टी प्यालेस, बुद्ध मल, भाटभटेनी, भ्याली कोल्ड स्टोर बालाजु, सामुदायिक भवन, बालाजुमा फूल बिक्रीको प्रबन्ध मिलाएको छ । स्वयम्भूस्थित धर्म चक्र पार्क, स्वयम्भू मार्ट, कलङ्की क्षेत्रमा भाटभटेनी, कलङ्की ट्रेड सेन्टर, एसएनएस, एनबिटिसीबाट फूल खरिद गर्न पाइनेछ । त्यसैगरी, नेपा ब्याङ्क्वेट खुशिँवु, बिग मार्ट, कालधारा, पकनाजोल, कालीमाटीस्थित साल्ट ट्रेडिङ कर्पोरेसन, काठमाडौँ मल, सिभिल मल, सिटिसी मल, रञ्जना मल, बिग मार्ट कम्प्लेक्स, एटी कम्प्लेक्स, अनामनगरस्थित भाटभटेनी, आइटी प्लाजा, कमलादी, सङ्कटा चोक, टेबहाल, के. एल. टावर, चाबहिल, वी एन्ड एसएम, बौद्धमा उपभोक्ताले फूल खरिद गर्नसक्नेछन् । त्यस्तै, शङ्खमूलको भर्गो जापान, बिगमार्ट, निराकल कम्प्लेक्स, बानेश्वरको आइप्लेक्स, एनबी सेन्टर, बत्तीसपुतलीस्थित फोनिक्स टावर, चाबहिल फुटबल चौर, चाबहिल गणेश स्थान, कोटेश्वरको भाटभटेनी, बिबिएसएम, एसी कम्प्लेक्स, सिफल चौर, केटिएम पार्टी प्यालेस, निराकल कम्प्लेक्स, शङ्खमूल, नक्सालको भाटभटेनी, बालुवाटारस्थित बिग मार्ट, महाराजगञ्जको भाटभटेनी, सेल्स बेरी, सामाखुशीस्थित बिग माट, कोइराला मार्ट, कमलपोखरीको सिटी सेन्टर, बालाजुको ल्होत्से मल र सासा ब्याक्वेट सोह्रखुट्टेमा फूल बिक्री स्थल तोकिएको महानगरले जनाएको छ । स्वदेशी फूल व्यापारीले आफूलाई पायक पर्ने स्थान छनोट गरेर बिक्री गर्न सक्नेछन् । यसका लागि महानगर प्रहरीले सहजीकरण गर्ने जनाइएको छ ।

यता जिल्लामा गत वर्षको तुलनामा यस वर्ष फूलखेती घटेको छ । तिहारको समयलाई लक्षित गर्दै लगाइँदै आइएको सयपत्री फूलको क्षेत्रफल यस वर्ष घटेको हो ।

फ्लोरिकल्चर एसोसिएसनका जिल्ला अध्यक्ष तेजेन्द्र सापकोटाका अनुसार गत वर्ष तिहारको समयलाई लक्षित गर्दै ५० बिगाहा क्षेत्रफलमा सयपत्री फूलखेती गरिएको थियो । अहिले क्षेत्रफल घटेर ४० बिगाहामा झरेको छ । अहिले तिहार लक्षित फूलखेती गर्ने किसानको सङ्ख्या पनि घटेको उनले जानकारी दिए । उनले भने,'गत वर्ष राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा कार्यकर्ताले फूलखेती गरेका थिए, अहिले गरेनन् ।' गत वर्ष जिल्लामा लगाइएको फूल बिक्री हुनसमेत निकै समस्या भएको उनले बताए ।

चितवनमा यस वर्षको तिहारमा तीन लाख ५० हजार फूलका मालाको माग हुने अनुमान गरिएको छ । अध्यक्ष सापकोटाका अनुसार यहाँ उत्पादित फूलले चितवनलाई पुग्ने हुँदा यस वर्ष भारतबाट आयात गर्नुपर्ने अवस्था छैन । गत वर्ष केही भारतीयले भारतबाट बढी फूल आयात गरिदिँदा यहाँका किसानले उत्पादन गरेका फूलले बजार पाउन नसकेको भए पनि यस वर्ष त्यस्तो अवस्था नआउने उनले विश्वास व्यक्त गरे । एसोसिएसनले जिल्लामा मालाको मूल्य तोकेको छ । उनले भने, 'थोक मूल्य प्रतिमाला ६० रुपैयाँ र खुद्रा मूल्य १०० रुपैयाँ तय गरिएको छ ।'

जिल्लामा व्यावसायिक रुपमा फूलखेती गर्ने तीन÷चारजना भएको भए पनि 'सिजनेवल' फूलखेती गर्नेहरु आमा समूहदेखि व्यक्तिहरुसमेत हुने गरेका छन् । एक कट्ठादेखि बिगौँ बिगाहा क्षेत्रफलसम्म फूलखेती गर्नेहरु रहेको सापकोटाले बताए । भरतपुर महानगरपालिका–७ उज्ज्वलटोलका ईश्वरकुमार श्रेष्ठले यस वर्ष १३ कट्ठा क्षेत्रफलमा फूलखेती गरेका हुन् । जिल्लामा यस वर्ष फूलको माग बढी हुने उनले बताए । उनका अनुसार गत वर्ष भारतीय फूल बढी आयात हुँदा यहाँ उत्पादन भएका फूलमाला कम बिक्री भएका थिए । त्यस कारण गत वर्षको तुलनामा फूल उत्पादन गर्ने किसान कम हुँदा यस वर्षको तिहारमा फूलको माग बढी हुने उनले बताए ।

तिहारमा मखमली र सयपत्री फूलको माग बढी हुने गरेको छ । त्यसमा पनि सयपत्रीको माग उच्च हुन्छ । असोजदेखि फागुनसम्म विभिन्न चाडपर्व र विवाहको समय पर्ने हुँदा फूल बढी प्रयोग हुने गर्दछ । पछिल्लो समय सभासमारोहमा समेत सयपत्री फूलको माला प्रयोगमा आएसँगै बाह्रै महिना फूलखेती गर्नेहरु पनि रहेका छन् । रासस

# ग्रामीण पर्यटन प्रवर्द्धनका लागि काष्ठ मूर्तिकला



**गुल्मी ।**
जङ्गलमा सुकेर खेर गइरहेका काठका मुडाबाट पनि त्यति राम्रा र आकर्षक मूति बन्छन् भन्ने धेरैलाई पत्यार लागेको थिएन । तिनै सुकेर खेर गइरहेका गुराँसका काठका मुडाबाट गुल्मीको सत्यवतीमा निकै आकर्षक डिजाइनका मूर्ति बनाएर मूतिर्ककारले सबैलाई दङग पारेका छन् ।

गुल्मीको पर्यटकीयस्थल सत्यवती क्षेत्रमा काष्ठ मूर्तिकला तथा चित्रकलाले सत्यवतीको पहिचानसँगै सिङ्गो जिल्लाको पर्यटन प्रवर्द्धनलाई थप आकर्षित गराएको छ । सत्यवती गाउँपालिकाको आयोजनामा सत्यवती क्षेत्रमा १० दिनसम्म सञ्चालन गरिएको कार्यशालाले त्यस क्षेत्रको पहिचानलाई थप मद्दत पुर्‍याएको छ ।

जिल्लाकै एउटा महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्र सत्यवतीको प्रचारप्रसारमा टेवा पुर्‍याउने उद्देश्यले सत्यवती–३ ठूलो लुम्पेकको सत्यवती क्षेत्रमा पालिकाको आयोजनामा काष्ठ मूर्तिकला तथा चित्रकला कार्यशाला आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले बताए । उनले गाउँपालिकाको पहिचानसँग जोडिएको सत्यवती क्षेत्रको ग्रामीण पर्यटन प्रवर्द्धनका लागि कार्यशालाले थप टेवा पु¥याएको बताए । मूर्तिकार तथा चित्रकारले सत्यवती क्षेत्रको पहिचानसँग जोडिएका विभिन्न प्रकारका दुई दर्जनभन्दा बढी मूर्ति तथा चित्र बनाएका छन् । जङ्गलमा सडेर जाने गुराँसका काठमा सांस्कृतिक, प्राकृतिक र धार्मिक आस्थासहित सत्यवती क्षेत्रको भावना समेटिएका आर्कषक मूर्ति कोरिएको वरिष्ठ मूर्तिकार यामबहादुर थापाले बताए । सत्यवतीमा जन्मिएर हाल देशका विभिन्न ठाउँमा रहनुभएका मूर्तिकार तथा चित्रकारको अगुवाइमा सत्यवतीमा निःशुल्क रूपमा कार्यशाला सञ्चालन गरिएको थियो । गाउँपालिकाका वरिष्ठ मूर्तिकार भुवन थापा मगर, यामबहादुर थापा र नरेन्द्र भण्डारीले आफु तथा विभिन्न ठाउँका कलाकारमार्फत सत्यवती क्षेत्रको पर्यटकीय विकासका लागि निःशुल्क रूपमा मूर्ति तथा चित्र निर्माण गरेको बताए ।

मुर्तिकार तथा चित्रकारले सत्यवती क्षेत्रका मठमन्दिर तथा पूर्व प्रधानपञ्चदेखि गाविस अध्यक्षसम्मका मूर्ति र तस्बिर बनाएका छन् । पर्यटन बोर्ड एवं गाउँपालिकाको सहयोगमा उक्त क्षेत्रमा गत वर्ष वनभोजस्थल, ट्रस, शौचालय, पार्क गरि रु ५८ लाखभन्दा बढी लागतका संरचना निर्माण गरिएको छ । नेपाल सरकारका १०१ नयाँ पर्यटकीय गन्तव्यमध्ये सत्यवती क्षेत्र पनि एउटा मुख्य गन्तव्यस्थल हो । सोही अवसरमा गाउँपालिकाले मूर्तिकार एवं चित्रकारलाई सम्मान गरेको छ । कार्यशालामा स्वदेश तथा विदेशमा ख्याथि कमाएका २३ जना मूर्तिकार तथा चित्रकारको सहभागिता रहेको थियो । रासस

# नेप्से परिसूचक ४६ अङ्कले वृद्धि

**काठमाडौँ ।**
धितोपत्र बजारमा मंगलबार शेयर कारोबार मापक नेप्से परिसूचक उकालो लाग्यो । नेपाल स्टक एक्सचेञ्जका अनुसार,नेप्से परिसूचक ४६ दशमलव ६९ अङ्कले उकालो लागेर दुई हजार छ सय ९२ दशमलव ०५ मा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ७६ प्रतिशतले उकालो लागेर चार सय ८१ दशमलव २८ मा पुगेको पुग्यो । मंगलबार नेप्सेमा कारोबार भएका १३ वटै उपसमूह बढेका छन् । मंगलबार कूल एक करोड ३३ लाख ७३ हजार चार सय ८१ कित्ता शेयर छ अर्ब १२ करोड ८२ लाख ६४ हजार पाँच सय ८० रुपैयाँमा खरिद बिक्री भएका छन् ।

नेप्सेकाअनुसार सप्तकोशी डेभलपमेन्ट बैंक, सानिमा जीआइसी इन्सोरेन्स र कुथेली बुथेली हाइड्रोपावरको शेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यस्तै हिमालयन एभरेष्ट इन्सुरेन्सको संस्थापक शेयर, कर्पाेरेट डेभलपमेन्ट बैंकको शेयरमूल्य नौ दशमलव ९८ प्रतिशत र समाज लघुवित्त वित्तीय संस्थाको शेयरमूल्य नौ दशमलव १८ प्रतिशतले बढेको थियो ।

मंगलबारको कारोबारमा सेन्ट्रल फाइनान्सको शेयर मूल्य एक दशमलव ८८ प्रतिशत, लाइफ इन्सोरेन्स कर्पाेरेशन लिमिटेडको एक दशमलव ५७, गुडविल फाइनान्स एक दशमलव २३, हिमालयन लघुवित्त वित्तीय संस्थाको एक दशमलव १२ र आइसीएफसी फाइनान्सको शेयरमूल्य एक दशमलव ०८ प्रतिशतले घटेको छ । रासस

# देवघाटधामको प्रवर्द्धनका लागि

# गण्डकी परिक्रमा महोत्सव



**दमौली ।**
तनहुँको प्रसिद्ध देवघाटधाम क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनका लागि गण्डकी परिक्रमा महोत्सव हुने भएको छ ।

यही कात्तिक २९ गते देवघाटधाम गण्डकी परिक्रमा महोत्सव–२०८१ आयोजना गरिएको हो । मध्य नेपालको तनहुँ, चितवन र नवलपुर जिल्लामा फैलिएको पवित्र तीर्थस्थल देवघाटधाम र गण्डकीको सङ्गमको पूर्ण पावन ऊर्जा प्राप्त गर्ने तथा संसारकै दुर्लभ तीर्थ देवघाटधामको धार्मिक महत्व तथा भौतिक विकासलाई सम्बद्र्धन गर्दै वैदिक सनातन धर्म र संस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यले परिक्रमा महोत्सव गरिएको महेश संस्कृत गुरुकुल देवघाटका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले जानकारी दिए ।

नेपाल सन्त समाजको आयोजना तथा देवघाट गाउँपालिका र देवघाट क्षेत्र विकास समितिको सहयोगमा हुने सो महोत्सवको तयारी बैठकमा नेपाल सन्त समाजका अध्यक्ष एवं हरिहर सन्यास आश्रम देवघाटधामका पिठाधीश श्री ज्ञानानन्द सरस्वती, महेश सन्यास आश्रमका पिठाधिश रमणानन्द गिरीको विशेष उपस्थिति थियो । देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाटधाम गण्डकी परिक्रमा महोत्सवले देवघाटको धार्मिक पर्यटनको प्रवर्द्धन हुने विश्वास व्यक्त गरे ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बराल, गाउँपालिकाका प्रवक्ता एवं वडा नं ५ का अध्यक्ष पूर्णबहादुर कुँवर,नेपाल सन्त समाजका महासचिव तथा नेपाल संस्कृत विश्वविद्यालयका प्राडा गुरुप्रसाद सुवेदी, योगी नरहरिनाथ गौ संरक्षण केन्द्र बागेश्वरीका अध्यक्ष नवराज ढकाल, देवघाट क्षेत्र विकास समितिका पूर्व अध्यक्ष बद्री अधिकारीलगायतले देवघाटधाम गण्डकी परिक्रमा महोत्सव सफल बनाउने प्रतिबद्धता व्यक्त गरे ।

कात्तिक २९ गते बिहान ७ बजे देवघाटधामको वेणी सङ्गमबाट सुरु हुने उक्त गण्डकी परिक्रमा अन्तर्गत तनहुँतर्फ पशुपतिनाथ मन्दिर, गङ्गा मन्दिर, अघोर आश्रम, गलेश्वर आश्रम (सिद्धेश्वर मन्दिर), दुर्गा पञ्चायन मन्दिर, चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्यास आश्रम (विद्येश्वर मन्दिर), अभय सन्यास आश्रम (रामेश्वर मन्दिर), हरिहर सन्यास आश्रम (हरिहर मन्दिर), राम मन्दर, लक्ष्मीनारयण मन्दिर, देवघाट पुलको मुख (गणेश मन्दिर, केदारेश्वर मन्दिर र बद्रिनाथ मन्दिर) को परिक्रमा गरिनेछ ।

यस्तै चितवनतर्फ देवघाट बसपार्कको सङ्कल्पेश्वर हनुमान मन्दिर, छेदेन थर्वालिङ गुम्बा, विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, सीताराम संस्कृत मावि, कन्या गुरुकुल, धर्मदर्शन आश्रम, योगी नरहरीनाथ गौशाला बागेश्वरी मन्दिर, आँपटारी दियालो बङ्गाल चोक, गणेशस्थान, बौद्ध गुम्बा बसेनी, गौरेश्वर शिव मन्दिर पोखराबसर्पाक, राजयोग सेवा केन्द्र नारायणगढ, हरिहर मन्दिर नारायणगढ, श्रीराम मन्दिर पुल्चोकको परिक्रमा गरिनेछ ।

नवलपुरतर्फ गैँडाकोट पुलचोकको गोपेश्वर महादेव मन्दिर, मौलाकालिका भगवती मन्दिर, वेदविद्याश्रम, सुकदेव भागवताश्रम, श्रीनिम्बाकाचार्य दर्शन केन्द्र, श्रीलक्ष्मीनृसिंह दिव्यधाम मन्दिर, बेसक्याम्प, केलादी क्षेत्र र हर्दी हुँदै पुनः तनहुँको देवपुरको साँढेबगर बौद्ध गुम्बा, भुबराह मन्दिर हुँदै मणिमुकुन्देश्वर चक्रवर्ती आश्रममा आई समापन हुने कार्यक्रम रहेको महेश संस्कृत गुरुकुल देवघाटका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले जानकारी दिए ।

महोत्सवमा देवघाटधामको पूर्ण परिक्रमा, सिद्ध हरिहर क्षेत्रको भ्रमण, प्रसिद्ध मौलाकाली भगततीको दर्शन, पवित्र नदीहरूको दर्शन, धार्मिक नगरी नारायणगढको भ्रमण, रमणीय पर्वतको परिक्रमा गर्दै बैदिक सनातन धर्म र संस्कृतिको प्रबद्र्धन र प्रचारप्रसारको मुख्य कार्यक्रम रहेको छ । रासस

# सुनको मूल्य निरन्तर उकालोतिर

**काठमाडौँ ।**
अन्तरराष्ट्रिय बजारमा सुनको मूल्यमा निरन्तर वृद्धि भएको छ । स्थानीय बजारमा पनि त्यसको प्रभाव परेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार मंगलबार प्रतितोला सुन एक लाख ६८ हजार पाँच सय रुपैयाँमा कारोबार भएको थियो । सोही परिमाणको पहेँलो धातु सोमबारको तुलनामा मंगलबार एक हजार पाँच सय रुपैयाँले बढेको हो ।

यसैगरी,चाँदीको मूल्य प्रतितोला ४० रुपैयाँले बढेर दुई हजार पाँच रुपैयाँ कायम भएको थियो ।

सोमबार एक तोला चाँदी दुई हजार ६५ रुपैयाँमा खरिदबिक्री भएको थियो । अन्तरराष्ट्रिय बजारमा प्रतिऔँस सुन दुई हजार सात सय ५३ अमेरिकी डलरमा कारोबार भएको थियो । रासस

# अमेरिकी चुनावमा राष्ट्रपति

# बाइडेनद्वारा प्रारम्भिक मतदान

**अमेरिका ।**
अमेरिकी राष्ट्रपति जो बाइडेनले सन् २०२४ को आम निर्वाचन आउन एक साता बाँकी रहदै प्रारम्भिक मतदान गरेका छन् ।

आफ्नो स्वास्थ्यको बारेमा बढ्दो चिन्ता र पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पलाई हराउने न्यून सम्भावनाको बारेमा डेमोक्र्याटहरूको चिन्ताको कारण जुलाईमा आफ्नो पुनःनिर्वाचन अभियान समाप्त गर्ने निर्णय गरेका बाइडेनका लागि यो तितोमिठो क्षण हो ।

राष्ट्रपति बाइडेनले सोमबार डेलावेयर राज्यको निर्वाचन केन्द्रमा मतदान गरेका हुन् । राष्ट्रपति बाइडेनले मतदानका लागि लाइनमा पर्खिरहेका मतदाताहरूसँग कुराकानी गर्दै मतदानका लागि करिब ४० मिनेट लाइनमा पर्खिएका हुन् ।

अमेरिकामा राष्ट्रपति निर्वाचनका लागि नोभेम्बर ५ मा मतदान हुँदैछ । रासस

# नियामकले अनुमति दिनेवित्तिकै ‘फाइभ–जी’ सेवा सुरू गर्छौं: पहाडी

*भारतको अलाहावाद युनिभर्सिटीबाट बीई र थाइल्यान्डको एशियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट एमई गरेकी उनले वि.स. २०४९ चैत २३ गते तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा इन्जिनीयर पदमा अस्थायी नियुक्ति लिएर सेवा प्रवेश गरेकी थिइन् । वि.स. २०५१ फागुन १० गते स्थायी नियुक्ति लिएर विगत ३० वर्षदेखि नेपाल टेलिकममा अविच्छिन्न सेवारत रहेकी पहाडी संस्थाको नेतृत्व तहमा पुगेपछि हामीले नेपाल टेलिकमको वर्तमान अवस्था र भावी योजनालगायत बारेमा विशेष कुराकानी गरेका छौँ । प्रस्तुत छ, नेपाल टेलिकमको कार्यकारी पदमा पुग्ने दोस्रो महिला नेतृत्व संगीता पहाडीसँग गरिएको कुराकानीको सम्पादित अंश–*

“

*संगीता पहाडी (अर्याल) नेपालमा मोबाइल सेवाको सुरुवाती चरणमा मोबाइलको एक्पर्ट इन्जिनीयरदेखि मोबाइलको मेनेजर, व्यापार शाखाको प्रमुख व्यावसायिक अधिकृत र चिप टेक्निकल अफिसर हुँदै अहिले नेपाल टेलिकमकी प्रबन्ध निर्देशक नियुक्त भएकी छिन् । २०८० असोज दोस्रो सातादेखि टेलिकमको निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हाल्दै आएकी उनलाई सरकारले गत भदौ २० गते प्रबन्ध निर्देशक नियुक्त गरेको हो ।*

”




**कार्यकारी पद आफैँमा ओझिलो, भरिलो र जिम्मेवारीको कोणबाट हेर्दा बोझिलो हो । यहाँले चाहिँ आफ्नो यो पदलाई कसरी अनुभूति गरिरहनुभएको छ ?**

मैले यो पदको जिम्मेवारी पाउनुमा यहाँहरूको पनि भूमिका छ । मैले निमित्त भएर पनि ११ महिनाको कार्यकाल पूरा गरिसकेकी छु । अहिले मलाई सरकारले पूर्ण कार्यकालको भूमिका निभाउन दिएको अवसरप्रति अनुग्रहित छु । मलाई नियुक्ति दिने सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू, सञ्चार मन्त्रालयलगायत यो निर्णय प्रक्रियामा सहभागी सबैलाई धन्यवाद दिन चाहन्छु । यस कार्यमा मलाई सहयोग, सद्भाव र शुभेच्छा प्रकट गर्नुहुने सम्पूर्णलाई पनि म धन्यवाद दिन चाहन्छु ।

राष्ट्रको टेलिकम्युनिकेसनको अग्रगामी संस्था नेपाल टेलिकमको प्रमुख जिम्मेवारी महत्त्वपूर्ण विषय हो । यो संस्थाको पहिलो जिम्मेवारी देशको कुनाकाप्चासम्मका सबै ग्राहकहरूमाझ आफ्नो सेवासुविधा पु¥याउनु र आफूले दिइरहेको सुविधालाई अझ बढी गुणस्तरीय र विश्वसनीय बनाउनु यसको दोस्रो जिम्मेवारी हो । नेपाल टेलिकम नेपाल सरकार सञ्चार मन्त्रालयअन्तर्गत रहेको छ । त्यसकारण नेपाल सरकारले अवलम्बन गर्ने आईटीसम्बन्धी र डिजिटल नेपालसम्बन्धी नीतिहरूलाई कार्यान्वयन गर्न यो संस्थाले ठूलो भूमिका खेल्दै आएको छ र ती कामलाई निरन्तरता दिनु पनि यसको अर्को जिम्मेवारी हो ।

यो मेरो पुरानो संस्था पनि हो । यहाँ मैले करिब ३२ वर्षको लामो अवधि बिताइसकेको हुनाले एकप्रकारले भन्ने हो भने यो संस्था मेरो घरजस्तै हो, अहिले मैले जिम्मेवारी मात्र नयाँ पाएको हो । यसलाई कसरी अगाडि लैजाने र कसरी अघि बढाउँदा यसले अझ बढी फड्को मार्छ भन्ने कुरामा हामी हाम्रो टीममा बसेर छलफल गरिरहेका छौँ । ती छलफललाई पूर्ण रूप दिन कतिपय कार्यक्रमहरू पनि हामीले बनाइसकेका छौँ भने कार्यान्वयनको चरणमा जाने तयारीमा हामी छौँ ।

**एकप्रकारले भन्ने हो भने नेपाल टेलिकमको सेवा जनस्तरको पहुँचमा पुगेको छ । ती सेवालाई अझ गुणस्तर प्रदान गर्नका लागि यहाँको भूमिका कस्तो रहने छ ?**

विशेषगरी नेपाल टेलिकमले आफ्ना ग्राहकवर्गमा सञ्चालन गरेको दुईवटा सेवा छन् । एउटा वायरलेस मोबाइल सेवा र अर्को वायर लाइनअन्तर्गत हाइ ब्याण्डवीथ इन्टरनेट सेवा ‘फाइबर टू द होम–एफटीटीएच’ सहितको सेवा । यसअन्तर्गत अन्य विभिन्न सेवाहरू रहेका छन् । त्यसमा मोबाइलाको विस्तार हामीले लगभग सबैतिर गरिसकेका छौँ भने ‘फोर–जी’ विस्तारको काम केही स्थानमा बाँकी रहेका छन् । त्यस्तै, मोबाइलको सन्दर्भमा कतिपय ठाउँमा कभरेज गर्न बाँकी रहेको छ । सुरूवातमा बनाइएको मोबाइल विस्तारको योजनाले अहिले भइरहेको वस्ती विकासलाई नसमेटेको कारणले गर्दा हामीले थप सेवा विस्तार गर्नुपर्ने आवश्यकता देखिएको हो । वस्ती र सहर विकासको ‘डाइमेन्सन’हरू पनि फरक–फरक भएका कारण ती ठाउँहरूमा नयाँ नेटवर्क लैजाने काम नेपाल टेलिकमले निरन्तर गरिरहेको छ । भइरहेको मोबाइल सेवाको गुणस्तरलाई बढाउन पनि हामीले तीव्रताका साथ काम गरिरहेका छौँ । इन्टरनेटतर्फ हाइ ब्याण्डवीथ इन्टरनेट सेवा एफटीटीएच जनताको घर–घरमा पु¥याउनका लागि विशेष योजना बनाइरहेका छौँ । अहिलेसम्म मुलुकका ७५३ वटा स्थनीय तहमध्ये ७४३ वटा तहमा ‘फोर–जी’ सेवा पु¥याइसकेका छौँ भने २७० वटा स्थानीय तहमा हाइ ब्याण्डवीथ इन्टरनेट सेवा पु¥याएका छौँ । जिल्लाको हिसाबले कुरा गर्दा ७७ वटै जिल्लामा पहिल्यैदेखि मोबाइल सेवा सञ्चालन भइरहेको छ भने गत साउनदेखि ७७ वटै जिल्लामा हाइ ब्याण्डवीथ इन्टरनेट सेवा एफटीटीएच पनि विस्तार गरिसकेका छौँ । गएको साउन ३१ गते ७७औँ जिल्लाका रूपमा हामीले हुम्लामा एफटीटीएच सेवा विस्तार गरी सबै जिल्लामा सञ्जाल विस्तार गरेका हौँ ।

**मोबाइल, फोर–जी र एफटीटीएच सेवा नपुगेका बाँकी ठाउँमा सेवा विस्तार गर्न के–कस्ता योजना बनाउनुभएको छ ?**

नेपाल टेलिकमले मोबाइलको सेवा देशव्यापी रूपमा विस्तार गरिसकेको छ, केवल बस्ती र सहर विस्तारको ‘भेरिएसन’का कारण कुनै वस्ती र गाउँहरूमा मात्रै पु¥याउनुपर्ने अहिलेको अवस्था हो । त्यस्तै, विद्युत् लाइन नभएको र अन्य पूर्वाधार समेत नभएको खासगरी पहाडी भेगहरूमा फोर–जी सेवा पु¥याउन बाँकी हो । मुलुकका ६ हजार ७४३ वटै वडाहरूमा फोर–जी सेवा विस्तार गर्ने हाम्रो लक्ष्य छ । त्यसमा हामीले हरेक वर्ष एक हजार भन्दा बढी वडामा सेवा विस्तार गर्ने योजना बनाएका छौँ र सोही अनुसार काम भइरहेको छ । हिमाली र पहाडी जिल्ला जहाँ बस्ती छैन ती ठाउँबाहेक झण्डै चार हजार भन्दा बढी वडाहरूमा एफटीटीएचको माध्यमबाट फोर–जी सेवा पु¥याउने हाम्रो योजना छ । फाइवरबाहेक हाम्रो वायरलेस सुविधा नमस्ते वाईफाईमार्फत सबै ठाउँमा इन्टरनेट सेवा पुगिसकेको छ । कतिपय यसअघि बनाइएका योजनाहरूलाई पनि हामीले कार्यान्वयनमा लगिसकेका छौँ ।

**कम्पनीको ग्राहक सेवा रणनीति र बजार नीतिलाई थप प्रतिस्पर्धात्मक बनाउन के योजना बनाउनु भएको छ ?**

हामीले टेलिफोन, आईभीआर, मोबाइल एप, वेबसाइट, च्याटबोट, फेसबुक, ट्वीटर (एक्स) लगायतका विभिन्न माध्यमको प्रयोगमार्फत प्राप्त हुने एवम् ग्राहक सेवा केन्द्रमार्फत प्राप्त हुने ग्राहकका गुनासा र समस्या सम्बोधन गरिरहेका छौँ । इन्टरनेट सेवा एवम् सामाजिक सञ्जालको बढ्दो प्रयोगले हालको अवस्थामा डिजिटल मार्केटिङलाई विशेष महत्व दिई सेवाको बजारीकरण गरिएको छ । साथै, सेवा प्रदान गरिसकेपछि पनि आन्तरिक जनशक्ति पर्याप्त नभएमा आउटसोर्सबाट अतिरिक्त जनशक्तिको व्यवस्थापन गरी ग्राहक सेवामा प्रभावकारिता बढाइरहेका छौँ । हाम्रा थुप्रै सेवाका साथै पछिल्लो समयमा लोकप्रिय रहेको एफटीटीएच सेवाको बजारीकरण एवम् उपलब्धताका लागि घरमै बसी–बसी शुल्क नलाग्ने नम्बर १९८ मा कल गरी सेवाको जडान समेत हुने व्यवस्था मिलाइएको छ । यसका साथै एफटीटीएच सेवामार्फत भ्वाइस सेवा मात्र उपभोग गरिरहनुभएका ग्राहक महानुभावहरूलाई बिनाकुनै थप शुल्क ५० एमबीपीएस क्षमताको इन्टरनेट सेवाको अनुभव एक महिनासम्म लिन सक्ने व्यवस्था मिलाइएको छ । हामीले युवा पुस्तालाई हाम्रो सेवामा आकर्षित गरिरहनका लागि विद्यार्थीलक्षित कार्यक्रमलाई विशेष महत्व दिई निःशुल्क सिम वितरण गरिरहेका छौँ । दूरदराजका सबै नेपालीले हाम्रो सेवा प्रयोग गर्न सकुन् भन्ने उद्देश्यका साथ सेवाको पहुँचसँगै निःशुल्क सिम वितरण गरिरहेका छौँ । त्यसैगरी, नयाँ प्रविधि भित्र्याउँदा सबैले सहज रूपमा प्रयोग गर्न सकुन् भन्ने उद्देश्यले त्यस्ता सेवालाई समेत निःशुल्क गर्ने गरेका छौँ । नेपाली जनताको क्रयशक्तिलाई हेरेर त्यसै अनुसार महसुल दर र प्याकेज निर्धारण गरेका छौँ भने हामी हाम्रो सेवालाई थप ग्रहकमुखी र प्रतिस्पर्धात्मक बनाउन निरन्तर क्रियाशील छौँ । त्यस्तै, नेपाल टेलिकमले निरन्तर रूपमा नयाँ प्रविधि भित्र्याइरहेको र आगामी दिनमा समेत यस्ता नयाँ प्रविधि भित्र्याउने क्रमलाई जारी राख्ने प्रतिबद्धता छ ।

**प्रविधिको तीव्र विकाससँगै उदय भएका फेसबुक म्यासेन्जर, भाइवर, ह्वाट्स एप र इमोलगायत एप्लिकेशनहरूको प्रभावकारिता बढ्दै जाँदा फोन कल घटेको छ । हुन त यो नेपालको मात्र नभई विश्वकै समस्याका रूपमा अगाडि आएको छ । यसले नेपाल टेलिकमलाई इन्टरनेट सेवा विस्तारमा कत्तिको दबाब वा चुनौती थपेको छ ?**

तपाइँले भन्नुभएजस्तै नेपालमा भ्वाइस कल घट्दो क्रममै रहेको छ । ओटीटी प्लाटफर्महरूमा पनि भ्वाइस कलको सुविधा हुने भएकाले फोन कल अलिअलि मात्र होइन ‘सिग्नीफिकेन्ट्ली’ नै घटिरहेको छ । वि.स. २०७४ सालमा हाम्रो अन्तर्राष्ट्रिय रेभिन्यु १६ अर्ब रहेको थियो भो अहिले २०८० सालसम्म आइपुग्दा ६ अर्बको हाराहारीमा मात्रै छ । यसले पनि भ्वाइस कलको ट्रेण्ड घटेको र ओटीटी प्लाटफर्ममा सिफ्ट भएको पुष्टि गर्छ । ओटीटी प्लाटफर्महरू डाडाको प्रयोगमार्फत चल्ने भएकाले सर्भिस पनि सिफ्ट भएर डाटातिर गइरहेको छ । तर, विगतमा भ्वाइस कलमार्फत जुन आम्दानी हामी गर्थ्यौं, त्यो डाटाबाट भइरहेको छैन । यसको कारण भनेको हामीले डाटा प्याकहरू पनि निकै सस्तो दरमा दिएर हो । सस्तो दिँदा रेभिन्यु कम हुने र महङ्गो बनाउँदा ग्राहकहरू बिच्किने चुनौती अहिले हाम्रो सामु छ ।

**तपाईंले नेपाल टेलिकमका डाटा प्याकहरू सस्तोमा दिएकाले रेभिन्यु बढाउन सकिएन भन्नुभयो । तर, ग्राहकहरूले भने पछिल्लो समय एनटीसीको डाटा प्याकहरू महङ्गो भएको गुनासो पो गरिरहेका छन् त ?**

हाम्रो डाटा प्याकहरूको सूची हेर्नुभयो भने अरूको तुलनामा सस्तो छ । सिङ्गो एशिया क्षेत्रमै हाम्रो डाटा प्याक दोस्रो सस्तो कहलिएको छ । पछिल्लो समय हामीले ‘रिभाइज’ गरेको विषयलाई लिएर ग्राहकहरूले त्यस्तो गुनासो गर्नुभएको हुनसक्छ । तर, रिभाइजपछि हाम्रो डाटा प्याक झन् सस्तो भएका छन् । हामी हरेक दिन वा हरेक महिना कुन ग्राहकले कुन ट्रेण्डमा डाटा खरिद र उपभोग गरिरहनुभएको छ त्यसलाई हाम्रो ‘बिजनेश इन्टेलिजेन्ट’मार्फत मोनिटरिङ र उहाँहरूको इच्छालाई अध्ययन गरिरहेका हुन्छौँ । पछिल्लो समय त्यसबाट हामीले के पायौँ भने ग्राहकहरूले छोटो प्याकेज लिने तर डाटाचाहिँ धेरै रिक्वायरमेन्ट रहेको देखेर हामीले सानो कष्टमा हाइ ब्याण्डवीथ भनेर अझ सस्तो बनाएका हौँ । हामीलाई त यो डाटा प्याकहरू महङ्गो बनाउने कुनै पनि छुट छँदैछैन । हामी सरकारबाट निर्देशित संस्था भएको हुँदा जतिसक्दो सर्वसुलभ बनाउने प्रयास सधैं रहिरहन्छ ।

**भ्वाइस कलको प्रयोग घटेपछि अहिलेको परिस्थितिमा तपाइँहरूले डाटा प्याकलाई बढी महत्व दिनुपर्ने अवस्था छ । यसका अलावा भ्वाइसको विकल्पमा एनसटीसीले अरु के–के काम गर्न सक्छ ?**

डाटाको प्रयोगलाई बढाउनुमै हाम्रो ध्यान केन्द्रित हुने छ । किनकी अहिलेको आवश्यकता नै यही छ । यसबाहेक हामीसँग केही भ्यालु एडेड प्रडक्टहरू पनि छन् त्यसलाई थप प्रवद्र्धन गर्नुपर्ने जरुरी छ । जस्तो, कोही ग्राहकले एनटीसीको इन्टरनेट सेवा घर वा कार्यालयमा लिनुभयो भने त्यसमा निःशुल्क रूपमा एटीवीभी सेवा पनि कनेक्ट गर्न सक्नुहुनेछ, यो हाम्रो भ्यालु एडेड प्रडक्ट हो । त्यो बाहेक अरु नयाँ स्किमहरू पनि हामीले ल्याइरहेका छौँ, जस्तैः रिङब्याक टोन, गेम प्याकेज, एसएमएस बेस्ड भीएएस सर्भिस, फोर–जी एलटीई नेटवर्क र इन्टरनेशनल रोमिङलगायत सेवाको प्रवर्द्धन तथा नयाँ स्किमहरू समेत ल्याउने प्रयासमा हामी छौँ । किनकी हरेक चुनौतीलाई अवसरमा परिणत गर्दै गएको खण्डमा मात्र कम्पनीको प्रगतिमा दीर्घकालीन रूपमा स्थायित्व कायम गर्न सकिन्छ । आगामी दिनमा यसै अनुसार कार्य अगाडि बढाइने छ । दूरगामी प्रभाव पार्ने रणनीतिक आयोजनाहरू जस्तैः मध्यपहाडी लोकमार्ग अप्टिकल फाइबर, डाटा सेन्टर, अत्याधुनिक तालिम तथा अनुसन्धान केन्द्र भवन, फोर–जी विस्तार, फाइभजी, डिजिटल मार्केटिङलगायत नयाँ भ्यालु एडेड सर्भिसलाई विशेष प्राथमिकताका साथ कार्यान्वयनमा लगिने छ । सबै राजमार्गहरूमा हाइवे कभरेजलाई थप परिस्कृत तथा गुणस्तरयुक्त बनाइने छ भने एफटीटीएच विस्तार कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने कुरा मैले अगाडि पनि उल्लेख गरिसकेँ । आई–एनओसीलाई अझ बढी परिस्कृत बनाइने छ । कम्पनीको मोबाइल सेवाअन्तर्गत सञ्चालनमा रहेको ‘म्यानेज्ड सर्भिस’को कार्यान्वयनलाई व्यवस्थित गरिने छ । नयाँ ‘आरएएन’ परियोजना कार्यान्वयनका लागि जोड दिइनुका साथै परिस्कृत ‘हाइ क्यापासिटी एसएमएस’ सेवाहरू सञ्चालन गरिने छ भने विश्व बजारमा उपलब्ध र देश अनुकूल हुने प्रविधिको क्रमशः कार्यान्वयन गर्दै अगाडि बढिने छ ।

**प्रविधिको विकासका कारण ‘भ्वाइस कल’ घटेको चर्चा हामीले ग¥यौँ । साथै रिचार्ज कार्डको छपाईको अवस्थाचाहिँ कस्तो छ नि ?**

अहिले भौतिक रूपमा रिचार्ज गर्ने भन्दा विद्युतीय माध्यमबाट रिचार्ज गर्नेको सङ्ख्या करिब ६० प्रतिशत रहेको छ । तीन महिनाअघि ई–रिचार्ज ५५ प्रतिशत र पेपर रिचार्ड ४५ प्रतिशत रहेको थियो । अझ यो विद्युतीय रिचार्जबाट हुने गरेको छ ।

**हामीले फोर–जीको बारेमा धेरै चर्चा ग¥यौँ । एनटीसीले ‘फाइभ–जी’ सेवा पनि सुरू गर्ने बताएको थियो । त्यो प्रक्रिया अहिले कहाँ पुग्यो र कहिलेसम्ममा हामीले फाइभ–जी सेवा उपभोग गर्न पाउँछौँ ?**

हामीले फोर–जी सेवा सुरू गर्दा नै ‘फाइभ–जी’ सेवाको प्रोभिजन राखेर टेक्नोलोजी ल्याइसकेका छौँ । फाइभ–जीको सवाल नेपाल टेलिकमको मात्र नभइ यसको नियामक निकाय दूरसञ्चार प्राधिकरणले कुन फ्रिक्वेन्सी प्रयोग गर्न दिने भन्ने कुरामा निर्भर रहँदै आएको छ । प्राधिकरणले फ्रिक्वेन्सीको अनुमति दिनेवित्तिकै यो सेवा सुचारू गर्न हामी तम्तयार अवस्थामा छौँ । केही स्थानहरूमा त हामीले परीक्षण पनि गरिसकेका छौँ । आगामी दिनमा फोर–जी सेवा थप विस्तार र फाइभ–जी सेवा पनि क्रमशः परीक्षण र विस्तार गर्ने कम्पनीको योजना छ ।

**तपाइँले ३२ वर्षदेखि संस्था हाँकिरहनुभएको छ । सरकारी पदमा बसेर काम गर्नु निजीमा जस्तो सहज हुँदैन रे । अनेक दबाब र प्रभावहरू झेल्नुपर्छ भनिन्छ । यसबारे केही टिप्पणी गर्न चाहनुहुन्छ कि ?**

नेपालमा मोबाइल सेवाको सुरूवाती चरणदेखि मोबाइलको एक्पर्ट इन्जिनियरका रूपमा रहेर म यो संस्थामा रहेर काम गर्दै आएको छु । त्यहाँदेखि यहाँसम्म आउँदा र अहिले यो पदमा रहेको पनि केही महिना बित्दासम्म मैले आफ्नो काममा कुनै असहज महसुस गर्नु परेको छैन । नेपाल टेलिकम देशकै सम्वृद्ध टेक्नोलोजीको संस्था हो । यसले ल्याएको नयाँ–नयाँ टेक्नोलोजीबाटै ग्राहकले सेवा लिने र चेतनाको काम समेत हुने भएकाले हाम्रो जिम्मेवारी निकै ठूलो छ । मोबाइलको एक्सपर्ट इन्जिनीयरदेखि मोबाइलको मेनेजर, व्यापार शाखामा प्रमुख व्यावसायिक अधिकृत र चिप टेक्निकल अफिसर हुँदै अहिले यो पदसम्म आइपुगेको छु । मैले जहिले पनि संस्थालाई अगाडि बढाउनका लागि इमानदार प्रयास गर्दै आएको छु । परिश्रम र मेहनत गर्नबाट कहिल्यै पनि पछि नहटेका कारण पनि होला कामका सन्दर्भमा कहिल्यै र कतैबाट पनि त्यस्तो असहज परिस्थितिको सामना गर्न परेको छैन ।

**नेपाल टेलिकमलाई पुनर्संरचना गर्ने कुरा पनि बेलाबेलामा उठिरहन्छ । पुनर्संरचनामार्फत कस्तो खालको संस्था बनाउन खोजिएको हो ?**

हामीले आन्तरिक र बाह्य गरी दुई प्रकारले पुनर्संरचनाको कुरा गरेका हौँ । आन्तरिक पुनर्संरचना हाम्रो नियमित काम हो त्यो भइरहेका छन् भने बाह्यतर्फ टेलिकमलाई स्टाटेजिक पार्टमा ल्याउने र म्यानेजमेन्ट कन्ट्र्याक्टमा जानेबारेमा पहिलेदेखि नै छलफलहरू चलिरहेको छ । तर, यसबारे कुनै ठोस निर्णयहरू भएका छैनन् ।

**अहिले मोबाइल सेवाप्रदायक एनटीसी र एनसेलबीच सेवा प्रवाहमा प्रतिस्पर्धा चलिरहेको देखिन्छ । अबको केही वर्षमा एनसेल पनि सरकारकै स्वामित्वमा आउँदैछ । यो अवस्थालाई यहाँले कसरी हेरिरहनुभएको छ ?**

वि.स. २०६१ सालदेखि नै वायरलेस सेवामा प्रतिस्पर्धाको वातावरण बनेको हो । तर, हामी यो वा त्यो नाममा प्रतिस्पर्धामा उत्रिएका छैनौँ । हामीले दिने सेवा र सुविधाहरूलाई सशक्त बनाउने काममा हाम्रो ध्यान केन्द्रित छ । हाम्रा सेवालाई सशक्त र प्रभावकारी बनायौँ भने प्रतिस्पर्धीको कुनै दबाब महसुश गर्न पर्दैन भन्ने कुरामा हामी विश्वस्त छौँ र हामी सेवा प्रवाहमा अरूभन्दा निकै सशक्त छौँ । सरकारी संस्था भएका कारण यहाँबाट ग्राहक झुक्किने र ठगिने अवस्था बन्दैन । जुन सेवा जति लागतमा रिलिज गर्दछौँ त्यो सबै पारदर्शी हुन्छ । यसबाट ग्राहकहरू सन्तुष्ट रहेको हामीले पाएका छौँ ।

**दूरसञ्चार कम्पनीको ‘लाइसेन्स’ नवीकरणमा जहिल्यै समस्या सृजना हुने गरेको छ । यस्तो किन भइरहेको होला ?**

नवीकरणको विषयमा कुरा गर्दा अहिलेसम्म हामी दूरसञ्चार ऐन, २०५३ अनुसार सञ्चालित र निर्देशित छौँ । सुरूमा एनटीसीले निश्चित धनराशी राखेर अनुमति लिएको थियो । तर, पछि आउने प्रतिस्पर्धीले जे–जति रकम कबुल ग¥यो सोही अनुसार अघि बढ्ने सहमति भएपछि हरेक पाँच–पाँच वर्षमा २०÷२० अर्ब रूपैयाँ तिरेर लाइसेन्स नवीकरण गर्ने स्थितिमा हामी छौँ । त्यस अनुसार नेपाल टेलिकमले मन्त्रिपरिषद्को निर्णय अनुसार २५औँ वर्षसम्मको लाइसेन्स नवीकरण गरिसकेको छ भने हामीले सरकारलाई तिर्न पर्ने कुनै रकम बाँकी छैन ।

**संस्थालाई गतिशील बनाउन र संस्थागत लक्ष्य प्राप्तिका लागि खटिने कर्मचारीहरूका हकमा पनि तपाइँका केही योजना छन् कि ?**

कुनै पनि संस्थाका लागि कर्मचारीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । यस अनुसार नेपाल टेलिकमले पनि आवश्यक कार्य गरिरहेको छ । वि.स. २०६६ कात्तिक १ गतेपछि स्थायी नियुक्त हुनुभएका कर्मचारी साथीहरूको पेन्सनको सुनिश्चितताका लागि कर्मचारी सञ्चय कोषसँग सम्झौता सम्पन्न भइसकेको छ । ज्यालादारीमा कार्य गरेका तथा अवकाश हुँदा २० वर्ष सेवा अवधि नपुग्ने कर्मचारी साथीहरूको हकमा विशेष व्यवस्था गर्न सञ्चालक समितिमार्फत निर्णय गरी प्रक्रिया अगाडि बढाइएको छ । आवधिक बीमाको सम्बन्धमा सञ्चालक समितिमार्फत निर्णय गरी प्रक्रिया अगाडि बढाइएको छ । कम्पनीमा कार्यरत कर्मचारीहरूलाई अझ बढी दक्ष बनाउन आवश्यक व्यवस्था मिलाइएको छ । आगामी दिनमा समेत कर्मचारीहरूको हित प्रवद्र्धन हुने गरी कम्पनीको नयाँ जनशक्ति व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ । संस्थाको आर्थिक उन्नतिमा कटिबद्ध सम्पूर्ण कर्मचारीको योगदान र परिश्रमलाई कदर गर्ने योजनाहरू आगामी दिनमा समेत क्रमशः ल्याउन योजना पनि छ ।

**अन्तिममा केही थप कुराहरू बताउन चाहनुहुन्छ कि ?**

नेपाल टेलिकमले आफ्नो धेरै सेवाहरू दिइरहेको छ । यसले आफ्नो गुणस्तर बढाउनका लागि निरन्तर काम गरिरहेको छ । कुनै समस्या आयो भने हाम्रा फरक–फरक कल सेन्टरहरूमा सम्पर्क गरी जानकारी लिन र समस्या समाधान गर्न सक्नुहुनेछ । त्यसबाहेक नेपाल टेलिकमको एपबाट पनि धेरै कुराहरू बुझ्न र सम्झिन सक्नुहुनेछ । हामीले दिएको सेवाहरू अझ धेरै बुझेर प्रयोग गरिदिनुभएको भए प्रभावकारी हुने मलाई लाग्छ । दूरसञ्चारका विभिन्न पूर्वाधारहरूलाई आफ्नै ठानेर संरक्षण गर्न भूमिका खेलिदिनुभयो भने हामीलाई निरन्तर सेवा प्रवाह गर्न सहज हुन्छ । अरू निर्माण कार्यका कारण हाम्रा तारहरू काटिने प्रवृत्तिले हामीलाई सेवा प्रवाहमा कठिनाइ परेको छ भने उपभोक्ताले प्रभावकारी सेवाबाट वञ्चित हुन परिरहेको छ । कर्पोरेट खबर

# सानो पाइला सहकारीको रकम गोर्खा मिडिमा लगेर अपचलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको आदर्शनगरमा रहेको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाबाट पनि गोर्खा मिडिया नेटवर्क प्रालिमा साढे ८ करोड रुपैयाँ लगेर अपचलन गरेको पाइएको छ । सानो पाइलाबाट गैरकानुनी रूपमा रकम सार्दा गोर्खा मिडियामा रवि लामिछाने प्रबन्ध निर्देशक थिए । सहकारीको बचत दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिको प्रतिवेदनअनुसार ग्लोबल आईएमई बैंकमा रहेको गोर्खा मिडियाको खातामा सानो पाइलाबाट सात पटक गरी आठ करोड ५८ लाख ४४ हजार रुपैयाँ जम्मा गरिएको थियो । २०७८ साउन १९ मा एकै दिन चार करोड ९१ लाख ९४ हजार रुपैयाँ सारिएको थियो । अरू रकम २०७८ वैशाख ५ देखि २०७९ साउन १९ सम्ममा सारिएको हो । संसदीय छानबिन समितिलाई दिएको बयानअनुसार लामिछाने २०७७ माघ १ देखि ०७९ असार १ सम्म गोर्खा मिडियामा प्रबन्धक निर्देशक थिए । सानो पाइलाका बचतकर्ताका अनुसार बचत अपचलनका विषयमा एक वर्षअगाडि उजुरी दिँदा गोर्खा मिडियामा सहकारीबाट रकम सारिएको प्रमाण फेला परेको थिएन । 'संसदीय छानबिन समितिले प्रतिवेदनमा सानो पाइला सहकारीबाट पनि गोर्खा मिडियामा रकम सारिएको उल्लेख गरेपछि बचतकर्ताले प्रहरीलाई थप अनुसन्धान गर्न अनुरोध गरेका छन् । सानो पाइला सहकारीको बचत हिनामिनाका विषयमा थप अनुसन्धान अगाडि बढाइएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी दिए । एक वर्षअगाडि सानो पाइला सहकारीका १ सय ७९ बचतकर्ताले संस्थाका सञ्चालक समिति, लेखा समिति तथा कर्मचारीविरुद्ध उजुरी दिएका थिए । त्यतिबेला प्रहरीले पर्याप्त अनुसन्धानै नगरी हतारमा मुद्दा अघि बढाएको बचतकर्ताको गुनासो छ । प्रहरी अनुसन्धानपछि पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरिएकामा सानो पाइला सहकारीकी पूर्वउपाध्यक्ष नेहा पौडेल गत साउन २१ मा एक करोड १० लाख रुपैयाँ धरौटीमा रिहा भइन् । सहकारीका कर्मचारी राधेचन्द्र यादव पनि ३५ लाख रुपैयाँ धरौटीमा रिहा भए । प्रहरीका अनुसार सानो पाइला सहकारीका अध्यक्ष अनन्तबाबु राई, सचिव देवेन्द्रबाबु राई, प्रबन्धक असरफ अली सिद्धिकी, संरक्षक गीतेन्द्र बाबु (जीबी) राईलगायत ११ जना फरार छन् । कोषाध्यक्ष कुमार रम्तेल भने पुर्पक्षका लागि थुनामा छन्। गोर्खा मिडियाका पूर्वउपाध्यक्ष छविलाल जोशी र प्रबन्ध निर्देशक रवि लामिछाने पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन अनुसन्धानका क्रममा कास्की प्रहरीको हिरासतमा छन् । सानो पाइला सहकारीबाट जोशीका नाममा पनि एक करोड ८६ लाख ९४ हजार रुपैयाँ गएको अनुसन्धानमा देखिएको छ । जीबी राईसँग प्रत्यक्ष जोडिएका कम्पनी तथा ती कम्पनीमा काम गर्ने कर्मचारीका नाममा बिनाधितो ऋण प्रवाह गरिएको वीरगंज महानगरपालिका कार्यालयले जनाएको छ । सानो पाइला सहकारी समस्याग्रस्त बनेपछि वीरगंज महानगरपालिकाले स्थलगत अनुगमन गरी अनुसन्धान गरेको थियो ।

# सीमा सुरक्षा अधिकारीको बैठक




**मधेशदृष्टि**
**महोत्तरी ।**
सदरमुकाम जलेश्वरमा नेपाल–भारत सीमा सुरक्षाका सम्बन्धमा दुई देशका सुरक्षा अधिकारीबीच छलफल भएको छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीको आयोजनामा नेपाल–भारत सीमा जिल्ला समन्वय समितिको बैठक भएको हो ।
बैठकमा सीमा सुरक्षा र सीमा अपराध नियन्त्रण, सीमा स्तम्भको सुरक्षा, मानव बेचबिखन, मदिरा तथा लागुऔषधको ओसारपसार नियन्त्रण, अबैध मुद्राको अपचलन नियन्त्रण, आपसी सहयोग तथा समन्वय लगायतका विषयमा छलफल भई एक आपसमा सूचना प्रवाह गर्ने सहमति भएको महोत्तरीका प्रहरी प्रमुख एसपी नकुल पोखरेलले जानकारी दिए ।
बैठकमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, रौतहटका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारी, महोत्तरीको मटिहानी नगरपालिकाका मेयर हरि मण्डल, भारत सीतामढीका एसपी मनोजकुमार तिवारी, भारत सीतामढीका एमडी रिचि पान्डे, सीतामढीका एसडीएम सञ्जीब कुमार सहभागी थिए ।
त्यसैगरी बैठकमा जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी रबिन्द्र कुमार सिंह, रौतहटका एसपी दिलिप घिमिरे, महोत्तरी, सर्लाही र रौतहटका सशस्त्र प्रहरीका प्रमुख, भन्सार कार्यालयका कार्यालय प्रमुख, मधेश प्रदेशअन्तर्गत तीनवटै जिल्लाका राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुखहरुको सहभागिता थियो ।

# दीपावली पर्वः उल्लासमय मधेश क्षेत्र



**मधेशदृष्टि**
**वीरगंज ।**
दीपावली पर्वले पर्सालगायत मधेशका अधिकांश क्षेत्रको वातावरण उल्लसमय भएको छ । कात्तिक कृष्णपक्षको त्रयोदशी तिथिदेखि कात्तिक शुक्ल द्वितीयासम्म मनाइने उज्यालोको पर्व दीपावली र त्यसलगत्तै आउने छठ पर्वको तयारीले मधेसको महोत्तरीसहित मिथिलाञ्चल क्षेत्र अहिले पर्वमय बनेको हो । मधेशमा मंगलबार दीपावलीको पहिलो दिन 'धनतेरस' मनाइँदै छ । धनतेरससँगै यस वर्ष तिहार (दीपावली) सुरु भएको छ ।
दीपावलीका लागि अहिले मधेश क्षेत्रका सबैजसो घर रङरोगन गरेर चम्काइएका छन् । सबैका घरमा आफ्नो दक्षताअनुसार रमाइलो पर्व दीपावलीको तयारी गरिएको स्थानीय बताउँछन् । धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिने यस पर्वको पहिलो दिन 'धनतेरस' मनाउने मधेशको परम्परा छ ।
यस दिन धातुका नयाँ सामान जोडेर सन्ध्याकालमा लक्ष्मीको आराधना गरिन्छ ।
पाँच दिन मनाइने यो पर्वलाई 'यमपञ्चक' पनि भनिन्छ । मंगलबारदेखि सुरु भएको यो पर्व आगामी आइतबार भ्रातृद्वितीया अर्थात् मधेश परम्पराको भैयादूज मनाइएर सम्पन्न गरिनेछ । यमपञ्चकका पाँच दिनमध्ये धनतेरस, लक्ष्मीपूजा, गोधन र भैयादुज मैथिल परम्परामा विशेष मानिन्छन् । पर्वको तेस्रो दिन कात्तिक औँसीको साँझ घरको चौदिशा दीपमालिका गर्दै लक्ष्मी स्थापना गरेर पूजाआराधना गरिन्छ । मिष्ठान्न परिकार खाने खुवाइने यो पर्वको चौथो दिन गाईगोरुलाई रङ्ग्याउने, सिङ र खुरमा तोरीको तेल लगाइदिने, नयाँ रङ्गिन दाम्ला फेर्ने र रुचिकर खानेकुरा दिने चलन छ । यसैदिन गोवद्र्धन पूजा पनि गरिन्छ । यस दिनलाई गोवर्द्धन भन्ने गरिएको छ ।
पौराणिक कथानक पाताललोकका राजा बलिको सन्दर्भ जोडिने यो पर्वमा कात्तिक शुक्ल द्वितीयाका दिन 'भैयादुज' पर्व मनाउने परम्परा छ । राजा बलिलाई बहिनी गङ्गा र यमुनाले मङ्गल कामनाका साथ सप्तरङ्गी टीका र माला लगाइदिएका सम्झनामा यो पर्व परम्परा चलेको मैथिल जनविश्वास छ । पर्वको पहिलो दिन कागतिहार र दोस्रो दिन कुकुर पूजा गरिने परम्परा भने मिथिलामा देखिँदैन ।
मैथिल 'यमपञ्चक' पर्व विधिमा पनि कागपूजा र स्वानःपूजा (कुकुरपूजा) को वर्णन भने रहेको मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता बर्दिबास–२ का महेशकुमार झाले बताउ । उनका अनुसार यो व्यवहारमा भने देखिँदैन ।
दीपावली पर्वसँगै अहिले घरको रङरोगन गर्ने सामग्री, पूजाअर्चनाका लागि प्रयोग गरिने बाँसको चोयाले बुनिने र माटाका भाँडाको व्यापार बढेको स्थानीय व्यापारी बताउँछन् । दीपमालिकाका लागि माटाका दियौरी प्रयोग गरिने मैथिल परम्पराले यस्तो सामग्री बनाउने कुम्हाल समुदाय अहिले व्यस्त देखिन्छन् । यमपञ्चक सकिनासाथ लगत्तै दुई दिनपछि सुरु हुने छठ र छठसँगै थालिने सामाचकेवा पर्वको रमझम र तयारी पनि मिथिला क्षेत्रमा बढेको झाले बताए । यसले गर्दा जतातते पर्वको रमझमले मिथिला क्षेत्र अहिले पर्वमय बनेको छ ।

# आजपा केन्द्रीय सदस्य साहलाई बिनासर्त तत्काल रिहा गर्न माग



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा) का केन्द्रीय सदस्य तथा समाजसेवी राजेश साहलाई सत्ताधारी राजनीतिक पूर्वाग्रहको आडमा रौतहट प्रहरीले पक्राउ गरेकोमा उनलाई बिनासर्त तत्काल रिहा गर्न पार्टीले माग गरेको छ । आजपा प्रवक्ता चन्द्रभुषण साहले मंगलबार एक बिज्ञप्ती जारी गर्दै केन्द्रीय सदस्य साहलाई रिहा नगरिए कडाभन्दा कडा संघर्षका कार्यक्रम गर्न बाध्य हुने चेतावनी दिएका छन् । प्रहरी प्रशासनको तर्फबाट दिनानुदिन बढ्दै गएको यी र यस्ता पक्षपातपूर्ण रबैयामा समयमै सुधार गर्न आजपाले आग्रह समेत गरेको छ । केन्द्रीय सदस्य साहलाई सत्ताधारी शक्तिको राजनीतिक पूर्वाग्रहको आडमा यहीं कार्तिक ९ गते शुक्रबारको दिन गिरफ्तार गरी विगत ५ दिनदेखी प्रहरी नियन्त्रणमा राखेको घटनाप्रति आजप ले गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । 'रौतहट जिल्लाको देवाहीगोनाही नगरपालिका–९, धरहरी स्थित श्री जय किसान माविको प्रधानाध्यापक संजय साहलाई विद्यालय एवम् विद्यार्थीको भविष्य बिग्रने गरी आम विद्यार्थी एवम् अभिभावकहरुको मनोभावना विपरीत मेयर प्रेमलाल साहले आफ्नो व्यक्तिगत कुण्ठा एवम् राजनीतिक प्रतिशोध साध्न बलपूर्वक सरुवा विवाद सृष्टि गरेकोले आफ्नो भविष्यप्रति चिन्तित सोही विद्यालयका विद्यार्थीहरुद्वारा बाध्यतावश भएको प्रदर्शनको घटनालाई समयमै वार्ता र संवादबाट समस्याको ठोस एवम् दीर्घकालिन समाधान निकाल्नुको सट्टा यसरी उल्टै राजनीतिक दबाव, प्रभाव एवं पूर्वाग्रहको आडमा पीडित स्थानीय समाजलाई झन् पीडित बनाउने उद्देश्यले राजेश साहलाई नियन्त्रणमा राखेको दुरासयपूर्ण हर्कतको घोर भर्त्सना गर्दै विना शर्त शिघ्र रिहाईको माग गर्दछु' आजपा प्रवक्ता साहले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ । पक्राउ गरिएका केन्द्रीय सदस्य साहलाई बिना सर्त तत्काल रिहा नगरिएको पार्टीले गर्ने संघर्षबाट उत्पन्न हुने परिस्थिति एवम् क्षतिको सम्पूर्ण जिम्मेवारी नेपाल प्रहरी एवम् राज्य पक्षले नै लिनुपर्ने चेतावनी आजपाले दिएको छ ।


आम जनता पार्टी
AAM JANATA PARTY
प्रेस विज्ञप्ति

# सिडिओ अर्यालले सम्हाले कार्यभार



**मधेशदृष्टि**
**वीरगंज ।**
गणेश अर्यालले पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) को जिम्मेवारी औपचारिकरुपमा सम्हालेका छन् । सोमबार जिल्ला प्रशासन कार्यालयमा हाजिर भएका अर्यालले मंगलबारबाट कार्यभार सुरु गरेका हुन् । गृह मन्त्रालयले गत कार्तिक ९ गते १७ जना सिडिओसहित २७ जना कर्मचारीहरूको सरुवा गरेपछि अर्याल पर्सामा आएका हुन् ।
अर्यालले यसअघि रुपन्देहीको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हालेका थिए । पर्साका पूर्व सिडिओ दिनेश सागर भुसालको सरुवा भैरहवास्थित गौतमबुद्ध अध्यागमन कार्यालयमा भएको छ । प्रशासनिक कार्यमा दक्ष मानिने अर्यालले पर्सामा सेवा प्रवाहलाई प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । उनी प्रशासनिक क्षेत्रमा उत्कृष्ट सेवा प्रवाह गर्ने अधिकारीका रुपमा परिचित छन् ।

# लहानबाट मलेसियन नागरिकसहित चार जना पक्राउ



**मधेशदृष्टि**
**सिरहा ।**
रोजगारीका लागि कतार पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा नेपाल प्रहरीले एक मलेसियन नागरिकसहित चार जनालाई पक्राउ गरेको छ । लहान नगरपालिका–४ स्थित एक होटलमा सरकारसँग अनुमति नलिई कतार पठाइदिन्छु भन्दै अन्तर्वार्ता लिइरहेका अवस्थामा मलेसियन नागरिक अन्दाजी ५१ वर्षीय मोहम्मद रिजुआन बिन अब्दुल्लाह, लहान–२३ का ४२ वर्षीय रामाशङ्कर यादव, २५ वर्षीय रामभरत यादव र ३९ वर्षीय सूर्यनारायण दाव सोमबार पक्राउ परेका हुन् ।पक्राउ परेका चारै जनालाई आवश्यक कारबाही सुरु भइसकेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।
उनीहरुले केही व्यक्तिसँग रकमसमेत असुल गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरीको भनाइ छ । ठगीसम्बन्धी मुद्दामा जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## खसीको भनेर बाख्राको मासु बिक्री गर्नेलाई जरिवाना

लहान नगरपालिकाले बजार अनुगमनलाई तीव्र बनाएको छ ।
यसक्रममा सोमबार उपप्रमुख रामचलितर महतोको संयोजकत्वमा बजार अनुगमन गरिएको छ ।
अनुगमनका क्रममा खसीको भनेर बाख्राको मासु बेच्ने पसलेलाई पाँच हजार रुपैयाँ जरिवाना गरिइएको छ । यसैगरी ग्राहकको भीडभाड हुने लहान बर्गर हाउसले खानेतेल गुणस्तरहीन प्रयोग गरेको भनी ११ हजार रुपैयाँ जरिवाना गरिएको उपप्रमुख महतोले जानकारी दिए । अनुगमन टोलीमा इलाका प्रशासन, घरेलु, प्रहरी, पत्रकारलगायतको सहभागिता थियो । उपभोक्ताबाट बजारमा ठगी भइरहेको भन्ने गुनासोपछि बजार अनुगमन गरेको र अनुगमनलाई निरन्तरता दिने उपप्रमुख महतोले बताए । अनुगमनका क्रममा केही पसललाई सचेत गराइएको नगरपालिकाले जनाएको छ ।




# ३२ करोडको नरिवल



**काठमाडौं ।**
चालु आर्थिक वर्षको तीन महिनामा चाडवाड लक्षित गरी ३२ करोड नौ लाख रुपैयाँको नरिवल भित्रिएको छ । साउनदेखि असोजसम्म दशैँतिहार र छठ लक्षित गरी ६० लाख ६३ हजार पाँच सय ९५ केजी नरिवल आयात भएको हो ।
भन्सार विभागका निर्देशक एवम् सूचना अधिकारी मुक्तिप्रसाद श्रेष्ठको तथ्याङ्कअनुसार पछिल्लो तीन महिनामा करिब एक अर्ब बढीको 'ड्राई फ्रुट' भित्रिएको जानकारी दिए । भारत र चीनलगायत देशबाट नरिवलसँगै, काजु, बदाम, अलमण्ड, पिस्ता, सुपारी, खजुर, छोकडा, अन्जिर र किसमिस पनि भित्रिएको उनले बताए ।
विभागका तथ्याङ्कअनुसार २६ करोड दुई लाख रुपैयाँको दुई लाख ९८ हजार नौ सय ४६ केजी काजु, १८ करोड ६० लाख रुपैयाँको दुई लाख ३२ हजार छ सय ९३ केजी बदाम र अलमण्ड आयत भएको छ । २० करोड ९८ लाख रुपैयाँको छ लाख सात हजार दुई सय २५ केजी ओखर आयात भएको छ ।
यस्तै, एक करोड ४५ लाख रुपैयाँको पिस्ता १२ हजार सात सय ७७ केजी, २१ करोड ६२ लाख रुपैयाँको १७ लाख १४ हजार चार सय १९ केजी सुपारी, एक करोड ३० लाख रुपैयाँको एक लाख २४ हजार एक सय ७७ केजी खजुर र छोकडा आयात भएको छ । ४१ हजार पाँच सय ५० केजी अंजिर दुई करोड ६५ लाख रुपैयाँको, तीन लाख २४ हजार छ सय ७५ केजी किसमिस १० करोड ६२ लाख रुपैयाँको आयात गरिएको सूचना अधिकारी श्रेष्ठले जानकारी दिए । चार करोड ७४ लाख रुपैयाँको दिपावलीमा प्रयोग गरिने विभिन्न किसिमका बत्ती आयात भएका छन् ।
विभागका अनुसार यसवर्ष अघिल्लो वर्षको तुलनामा बदाम, अलमण्ड र ओखरको आयात कम भएको छ । तुलनात्मकरुपमा बदाम र अलमण्डको आयात सात प्रतिशतले कम छ । यस्तै ओखर ४४ दशमलव ६ प्रतिशतले कम आयात भएको छ ।
अघिल्लो वर्षको तुलनामा यसवर्ष बत्तीको आयात ५८ प्रतिशतले कम भएको तथ्याङ्कले देखाउछ । अघिल्लो वर्ष तीन महिनामा सात लाख ७८ हजार पाँच सय ८२ थान बत्ती नौ करोड ८४ लाख रुपैयाँमा आयात भएको थियो । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन